# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## माछापुच्छ्रे गाउँपालिका
## कास्की

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## माछापुच्छ्रे गाउँपालिका
## कास्की

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## माछापुच्छ्रे गाउँपालिका

## कास्की

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१, जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

# प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(गण्डकी प्रदेश)

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

माछापुच्छ्रे गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

कास्की ।

१. **कैफियत सहितको राय** — हामीले माछापुच्छ्रे गाँउपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. २ करोड २२ लाख ९६ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु २९ लाख १३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू– १४ लाख ८९ हजार प्रमाण कागजात पेस गर्नुपर्ने रू. १७ लाख ९२ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ५३ लाख ३८ हजार र पेश्की बाँकी रु ८ लाख ४ हजार समेत रु १ करोड ९३ लाख ८३ हजार

रहेको छ । माछापुच्छ्रे गाउँपालिकाको गतवर्ष सम्म रु. ७ करोड ४१ लाख ६० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ९ करोड  ३५ लाख ४३ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने माछापुच्छ्रे गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud)  वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी माछापुच्छ्रे गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्तालि सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud)  वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( जयराम घिमिरे )

**नायब महालेखापरीक्षक**

माछापुच्छ्रे गाँउपालिका,

कास्की जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५६ | १५० | २२२९६ | ० | ६० | २९१३ | ५६ | ९० | १९३८३ | १४४९ | १५३३८ | १७९२ | ० | ० | १७१३१ | ८०४ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कास्की | ७४४८५ | ० | ३२५ | ७४१६० | ० | १९३८३ | ९३५४३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **२०७९।८० (चालु वर्षको)** | ४६ | बहाल कर कट्टी गरी दाखिला गरेको | ४७२० |
| | | ४७ | बढी भुक्तानी असुल गरेको | ४७६७ |
| | | ६९ | पदाधिकारी सुविधा असुल गरिएको | ३०६०० |
| | | ७० | इमिस (IMES) मा रहेका विद्यार्थी संख्या भन्दा बढी संख्यामा पाठ्यपुस्तकको लागि निकासा गरी भुक्तानी गरेकोले असुल गरेको | २२५८५ |
| | | ७९ | आई सी टि ल्याबको जिन्सी दाखिला गरेको | **२५८४३२५** |

| | | | | |
|---|---|---|---|---|
| | | ८२ | दिवाखाजा वापतको बढी भुक्तानी असुल गरेको | ८०१७७ |
| | | ८९ | मृत्युपछिको भुक्तानी असुल गरेको | ७८३६६ |
| | | ९५ | सामाजिक सुरक्षाको रकम संचित कोषमा दाखिला गरेको | १०७१०४ |
| | **चालु वर्षको जम्मा** | | | **२९१२६४४** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७८।७९** | | | ० |
| | **२०७७।७८** | | | ० |
| | **२०७६।७७** | १४.४ | घाट ठेक्कामा बढी छुट असुल गरेको | २१०८६३ |
| | | ४३ | ग्याविन जाली खरिदमा आभरहेड असुल गरेको | ५५४१३ |
| | **२०७५।७६** | ३२ | उपभोक्ता समितिले रडको विल पेश गर्दा प्राविधिक मुल्याङ्कन भन्दा कम परिमाणको पेश गरेकोमा बिल पेश भएको | ५८३६९ |
| | **२०७४।७५** | ४३ | तलब भत्तामा सा सु कर कट्टी गरेको | ६६५ |
| | **गत विगतको जम्मा** | | | **३२५३१०** |
| | **कुल जम्मा** | | | **३२३७९५४** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत ९ वडा, ५४४.५८ वर्ग किलोमिटर क्षेत्रफल तथा २१६८६ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस

कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।१४ देखि २०८०।१०।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** आय — व्ययतर्फ रु. ११०५३९७१२, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. ११०५३९७१२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २७६५० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | वढी वैठक भत्ता भुक्तानी | ८५० |
| २ | दोभिल्लाघाटको कम असुली | ८८०० |
| 3 | वढी भत्ता भुक्तानी | १८००० |

| जम्मा | | २७६५० |
|---|---|---|

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **संचित कोष -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न बमोजिम रहेको छः

| विवरण | यस वर्ष रु. | | | गतवर्ष रु. | |
|---|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ७४४२५५२०३ | ५५४९४१९३७ | ५५४९४१९३७ | ५४७६३९७५१ | ५४७६३९७५१ |
| क. प्राप्ति (संचितकोष मा आम्दानी बाँधिने) | ७२३८७०३७४ | ५३६३२५२७३ | ५३६३२५२७३ | ५२२३६७२४० | ५२२३६७२४० |
| ११००० कर | १२१९१९००० | १००४४९१४३ | १००४४९१४३ | ९९२२८५१३ | ९९२२८५१३ |
| १३००० अनुदान | ४५८९७३००० | ४०२१२१९०१ | ४०२१२१९०१ | ३६४९५०१९० | ३६४९५०१९० |
| संघीय सरकार | ४२२६४०००० | ३८०१३६३९८ | ३८०१३६३९८ | ३५३६३८१९० | ३५३६३८१९० |
| प्रदेश सरकार | २६९७२००० | १९५७०५४३ | १९५७०५४३ | ११३१२००० | ११३१२००० |
| अन्तरिक श्रोत | ७८६१००० | १४६३५४ | १४६३५४ | ० | ० |
| जनसहभागिता | १५००००० | २२६८६०५ | २२६८६०५ | ० | ० |
| १४००० अन्य राजस्व | २९७७०००० | ३२९००८०९ | ३२९००८०९ | ५८१८८५३६ | ५८१८८५३६ |
| १५००० विविध प्राप्ति | १०००००० | ८५३४२१ | ८५३४२१ | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२००० वित्तीय सम्पत्ति | ११२२०८३७४ | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | २०३८४८२८ | १८६१६६६४ | १८६१६६६४ | २५२७२५११ | २५२७२५११ |
| वितरण गर्न बाकी राजस्व | ० | ११७६०१४५ | ११७६०१४५ | १९३५९४८३ | १९३५९४८३ |
| कोषहरु | २०३८४८२८ | ४०३०९४१ | ४०३०९४१ | ३०५१४०१ | ३०५१४०१ |
| धरौटी | ० | २८२५५७८ | २८२५५७८ | २८६१६२७ | २८६१६२७ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ७४४२५५२०३ | ५८६५२३२३१ | ५८६५२३२३१ | ५२५०६३४४४ | ५२५०६३४४४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ७२३८७०३७४ | ५७५५६०५५२ | ५७५५६०५५२ | ५१०४५३२८९ | ५१०४५३२८९ |
| २१००० पारिश्रमिक / सुविधा | २६०१५२००० | २३९५४३६६१ | २३९५४३६६१ | २०६३८०६८० | २०६३८०६८० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १७२८७४७४३ | १२९०८६२१७ | १२९०८६२१७ | १०९७९५०९५ | १०९७९५०९५ |
| २५००० सहायता (Subsidy) | १३००००० | ६१७५०० | ६१७५०० | ३०२२४९८ | ३०२२४९८ |
| २६००० अनुदान | ४९००००० | ३५४७५९१ | ३५४७५९१ | १०९०१३०१ | १०९०१३०१ |

| | | | | | |
|---|---|---|---|---|---|
| २७००० सामाजिक सुरक्षा | ४७३६६७० | ३५९९८२० | ३५९९८२० | ४३८७४०० | ४३८७४०० |
| २८००० अन्य खर्च | २१९९०००० | ३८२०७७० | ३८२०७७० | ९८७७५६४ | ९८७७५६४ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २५७९१६९६१ | १९५३४४९९३ | १९५३४४९९३ | १६६०८८७५१ | १६६०८८७५१ |
| घ. अन्य भूक्तानी | २०३८४८२८ | १०९६२६७९ | १०९६२६७९ | ५२५०६३४४४ | ५२५०६३४४४ |
| कोषहरु | २०३८४८२८ | ६८९१०११ | ६८९१०११ | १३२१९२०० | १३२१९२०० |
| धरौटी | ० | ४०७१६६८ | ४०७१६६८ | १३९०९५६ | १३९०९५६ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | -३१५८१२९४ | -३१५८१२९४ | २२५७६३०६ | २२५७६३०६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १४२१२१००६ | १४२१२१००६ | १२९७१९०४४ | १२९७१९०४४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ११०५३९७१२ | ११०५३९७१२ | १५२२९५३५० | १५२२९५३५० |
| बैंक तथा नगद बाकी | | १०८३५४५७३ | १०८३५४५७३ | १५९२६०४८९ | १५९२६०४८९ |

**अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फको आम्दानी तथा खर्चः**

| **आम्दानी शीर्षक** | **रकम** | **खर्च शीर्षक** | **रकम** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| सामाजिक सुरक्षा भत्ता | १६७७६६९८१ | सामाजिक सुरक्षा भत्ता | १६७७६६९८१ |
| गरीबसँग विश्वेश्वर कार्यक्रम | ६२६००० | गरीबसँग विश्वेश्वर कार्यक्रम | ६२६००० |

३ **वित्तीय विवरण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. नं. २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

• पालिकाको सुत्रको वित्तीय प्रतिवेदनमा गत वर्षको वैक तथा नगद वाँकी मौज्दात रु. १५२२९५३५०।०० देखिएकोमा पालिकाले यस वर्ष रु. १४२१२१००६।०० जिम्मेवारी सारेको देखिन्छ। वैक तथा नगद वाँकि रहेको रकम सम्पुर्ण जिम्मेवारी सार्नुपर्नेमा घटी जिम्मेवारी सारेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार गरी अद्यावधिक गर्नुपर्नेमा तयार गरेको देखिएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन। तोकिएको ढाँचामा लेखा राख्नुपर्दछ।

एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुँजीगत शीर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शीर्षक र पुँजीगत शीर्षकवाट गर्नुपर्नेमा चालु शीर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन। अतः खर्च शीर्षकले यथार्थ शीर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन।

४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१५९२६०४८९०।०० मौज्दात रहेकोमा यो वर्ष रु. १४२१२१००६।०० जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १७१३९४८३ घटी जिम्मेवारी सारेको सम्बन्धमा महालेखा नियन्त्रक कार्यलयले मिति २०८०।१२।०७ मा विभाज्य कोषको रु. १९३५९४८३ आम्दानी बाध्नु नपर्ने रकम आम्दानी बाधेको र प्रकोप व्यवस्थापन

कोषको खर्च रु. २२२०००० खर्च जनाउनु पर्ने प्रविष्ट नगरेकोले वित्तीय विवरणमा रु. १७१३९४८३ फरक पर्न गएको उल्लेख गरेको छ।

५ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश

सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै आम्दानी बाँध्ने गरेकोले गाउपालिकाको मुल जिन्सी खातामा उक्त सामान आम्दानी बाँधेको देखिएन।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।

• कुनै रकमको भुक्तानी दिँदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शीर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन ।

• आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको देखियो,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,

• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।

• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।

• वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको देखिएको।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरीसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,

• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७१ मा भत्ता प्राप्त गरीरहेका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ क मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,

• सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १९ र यस आर्थिक वर्षमा २६ विवाद दर्ता भएकोमा कुल जम्मा ४५ मध्ये यस वर्ष २२ वटा मात्र फछ्र्यौट भई २३ वटा विवाद फछ्यौट हुन बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही गरी टुङ्गो लगाउनुपर्दछ।

७ **कानुन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म १५ ऐन, ७ नियमावली ४८ कार्यविधि २मापदण्ड ५ निर्देशिका र १ आचारसंहिता समेत गरी जम्मा ७८ वटा ऐन कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको देखियो।

८ **तलवी प्रतिवेदन -** निजामति सेवा ऐन २०४९ को दफा ७ ख (२) जिल्लास्थित सरकारी कार्यालयहरुको तलबी प्रतिवेदन सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारीत गराएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले यस आर्थिक वर्षमा स्वास्थ्य तर्फका कर्मचारीको तलवमा रु. ३ करोड २० लाख १८ हजार र पालिका तर्फका अन्य कर्मचारीहरुको तलवमा रु. ३ करोड ६१ लाख ८२ हजार गरी जम्मा रु. ६ करोड ८२ लाख खर्च गरेकोमा उक्त खर्च लेख्नु अगावै ऐनमा भएको व्यवस्था बमोजिम तलवी प्रतिवेदन पारीत गराएको छैन। पालिकाले ऐनमा भएको व्यवस्था अनुसार तलवी प्रतिवेदन पारीत गराएर मात्र खर्च लेख्नु पर्दछ।

९ **सेवा प्रवाह -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता २३५४ तथा मृत्यु दर्ता ७७५ वटा, विवाह दर्ता १०४९ वटा, सम्बन्धबिच्छेद दर्ता १४७ वटा, वसाईसराई ४६९ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो। पालिकाले नाता प्रमाणित, नागरीकता सिफारिस, आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन। ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ।

१० **अनुगमन तथा भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालयले यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शीर्षकवाट रु. १५ लाख ७६ हजार खर्च लेखेको छ। तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। यसमा सुधार गर्नुपर्ने देखिन्छ।

११ **अन्य संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकाले देहाय बमोजिमका भौचर नं बाट लघुवित्त सहकारीलाई विविध| कार्य गर्नका लागि रु. ।०० रकम उपलब्ध गरएको छ। साथै अनुदान लिएको नाफामुलक संस्थाले स्थानीय जनतालाई |दिएको सहुलियत तथा सुविधाको सम्बन्धमा समेत पालिकाबाट अनुगमन भएको पाईएन्। तसर्थ यसप्रकारको अनुदान उपलब्ध गराउने |कार्यमा नियन्त्रण गरी नाफामुलक संस्थालाई अनुदान उपलब्ध गराउने मिल्ने कुनै कानुनी व्यवस्था भएको नदेखिएकाले अनियमित देखिएको रु.

| **गो भौ न मिति** | **अनुदान पाउने संस्थाको नाम** | **कामको विवरण** | **रकम** |
|---|---|---|---|
| ४०८,२०८०।०२।०९ | अन्नपूर्ण प्राङ्गरिक महिला कृषि सहकारी | भवन निर्माण | ४८०००० |
| ४७०,२०८०।०२।२९ | धिताल दुग्ध सहकारी | भवन निर्माण | ३८४००० |
| ५६१,२०८०।०३।२१ | प्रतिभा कृषि सहकारी | भवन निर्माण | ३६५००० |
| जम्मा | | | १२२९००० |

| | |
|---|---|
| अनियमित भएको | १२,२९,००० |

१२ **अनुत्पादक एवं वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ।पालिकाले वार्षिक बजेटबाट गाउँपालिका गित निर्माण, विभिन्न खेलकुद संचालन, दिवश कार्यक्रम संचालन, विभिन्न व्यक्ति तथा संस्थालाई आर्थिक सहायता लगायतका अनुत्पादक र वितरणमुखी कार्यमा बजेट विनियोजन गरी रु. २०२०४५७।०० खर्च गरेको छ। यस किसिमका खर्चबाट आर्थिक विकासमा टेवा पुग्ने देखिदैन।गाउँपालिकाले यस्तो खर्च नियन्त्रणगरी सार्वजनिक स्रोत साधनको उपयोग गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकपालहरुमा खर्च गर्नु पर्दछ। केहि उदाहरण:

| **भौ न** | **कार्यक्रम** | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|---|
| २७।२०७९।६।७ | तीज कार्यक्रम | वडा स्तरीत महिला सञ्जाल वडा नं ५ | २८००५ |
| ३८।२०७९।६।१२ | ज्येष्ठ नागरीक सम्मान एवं गठन | वडा नं ६ | ८६२२० |

| | | | |
|---|---|---|---|
| ४८।२०७९।६।१४ | तीज कार्यक्रम | सफल उद्यमशिल महिला कृषक समुह | १०००० |
| ७३।२०७९।७।२३ | भलिवल खेल संचालन | खेलकुद संचालन आयोजक समिति | १००००० |
| ७९।२०७९।८।७ | असल अभ्यास आदानप्रदान तथा अवलोकन भ्रमण कार्यक्रम | शिक्षा शाखा | ३६६१६९ |
| १०४।२०७९।८।२६ | विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवश कार्यक्रम | अपांगत संजाल माछापुच्छ्रे कास्की | १५०००० |
| १४८।२०७९।१०।१३ | मा स्वा स से को लागि अध्ययन अवलोकन भ्रमण | माछापुच्छ्रे गाँउपालिका | ९९९६० |
| १७१।२०७९।११।२ | सुचना प्रकाशन | सिर्जना साहित्य सदन | १०००० |
| १८९।२०७९।११।१४ | अवलोकन भ्रमण | वडा नं ४ कृषि संजाल | १००००० |
| २४३।२०७९।१२।९ | दिवश तथा शसक्तिकरण कार्यक्रम | महिला संजाल | २९६७५ |
| २४५।२०७९।१२।१२ | आर्थिक सहयोग | लाहाचोक पोखरा सम्पर्क समाज | १०००० |
| २५३।२०७९।१२।२२ | दिवश तथा शसक्तिकरण कार्यक्रम | महिला संजाल | १४७०० |
| २६०।२०७९।१२।२६ | नारी दिवश | वडा नं २ | १७१७५ |
| २७३।२०७९।१२।२९ | अन्तराष्ट्रिय दिवश कार्यक्रम | महिला संजाल वडा नं ७ | १५००० |
| २७४।२०७९।१२।२९ | ज्येष्ठ नागरीकसंग चाडवाड कार्यक्रम | वडा नं ६ को कार्यालय | ११६२५० |
| ३०७।२०८०।१।१३ | कार्यापालिका वैठक संचालन | माछापुच्छ्रे गाँउपालिका | २१८०६२ |
| ३१२।२०८०।१।१५ | नेतृत्व विकास तालिम | वडा समितिका महिला सदस्य | ३३८०८० |
| ४४७।२०८०।३।५ | जनजातिहरुको लागि मागमा आधारीत सीपमूलक कार्यक्रम | तमु ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद | १००००० |

| | | | |
|---|---|---|---|
| ४६५।२०८०।३।१५ | उपाध्यक्षसंग महिला कार्यक्रम | वडा स्तरिय महिला संजाल वडा नं ७ | १००००० |
| ४६७।२०८०।३।१७ | शसक्तिकरण कार्यक्रम | गाँउपालिका स्तरीय ज्येष्ठ नागरीक सञ्जाल | ६९१८१ |
| ४७०।२०८०।३।१७ | तिज गित तथा नारी दिवश | वडा स्तरिय महिला संजाल ५ | २१९८० |
| ५१७।२०८०।३।२१ | अन्य संघ संस्था सहायता | फुटवल खेल संचालन | २०००० |
| जम्मा | | | २०२०४५७ |

१३ **स्थायी लेखा नम्वर -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा उपभोक्ता समितिबाट सार्वजनिक निर्माण कार्य गराँउदा उपभोक्ता समिति मूल्य अभिवृद्धि कर कार्यालयमा स्थायी लेखा नम्वर दर्ता हुनुपर्ने व्यवस्था छ। पालिकाबाट उपभोक्ता समिति मार्फत सार्वजनिक निर्माण सम्वन्धी काम गराएकोमा कुनै पनि उपभोक्ता समितिले स्थायी लेखा नम्वर लिएको देखिएन। यो बर्ष विभिन्न ३४१ योजनाहरु स्थायी लेखा नम्वर नलिएका उपभोक्ता समितिबाट रु १०९१९९२३५ वरावरको सार्वजनिक निर्माणको काम भएको देखियो। पालिकाले स्थायी लेखा नम्वर लिएका उपभोक्ता समितिबाट काम गराउनु पर्ने देखियो।

१४ **पदाधिकारी सुविधा -** गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुथिधा पाउने व्यवस्था गरेको छ। नगरपालिकाले आर्थिक वर्ष २०७९।८० मा जम्मा रु. १३६७३९४०।०० पदाधिकारी सुविधामा भुक्तानी गरेको छ।

१५ **योजना र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु र वजेटको स्थिति हायअनुसार छन।

| **क्र सं** | **विवरण** | **योजना संख्या** | **रकम** |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजनाहरु | २३ | ११४५५०० |
| २ | रु. १ लाख देखि २ लाख सम्मका योजनाहरु | १५१ | २३७५९००० |

| | | | |
|---|---|---|---|
| ३ | रु २ लाख देखि ५ लाख सम्मका योजनाहरु | १३४ | ४८२४९७३५ |
| ४ | रु. ५ लाख देखि १० लाख सम्मका योजनाहरु | २७ | १४७०५००० |
| ५ | रू. १० लाख माथिका योजनाहरु | ५ | १४७७५०० |
| ६ | ५० लाख भन्दा माथिको योजना | १ | ६५६५००० |
| जम्मा | | ३४१ | १०९१९९२३५ |

१६ **कार्यक्रमगत प्रगति -** पालिकाले तोकिएको लक्ष्य पुरा गरी शत प्रतिशत लक्षित प्रगति हाँसिल गर्नुपर्दछ । पालिकाले देहायका १०१ कार्यक्रममा शुन्य प्रगति गरेको विवरण पेश भएको छ अर्थात काम नै गरेको छैन। पालिकाले पुरा गर्न सक्ने योजनाहरु छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शुन्य प्रगति भएका केही आयोजनाहरु देहायअनुसार रहेका छन्ः

| सि.न. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ५००००० | ० |
| २ | मेलमिलाप केन्द्रको लागी मसलन्द सामाग्री खरिद | ३००००० | ० |
| ३ | डि. पि. आर निर्माण | ४०००००० | ० |
| ४ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ७००००० | ० |
| ५ | Networking तथा Server व्यवस्थापन | १२००००० | ० |
| ६ | कर्मचारी तालिम | ५००००० | ० |
| ७ | सचेतना कार्यक्रम | २००००० | ० |
| ८ | ट्रेल रेस कार्यक्रम खर्च | १००००० | ० |
| ९ | घुम्ती शिविर संचालन | २००००० | ० |
| १० | जलवायु परिवर्तनको असर न्यूनीकरणको लागि सचेतना कार्यक्रम | ५००००० | ० |
| ११ | हिंसा पिडित नागरिकहरुलाइ राहत वितरण कार्यक्रम | १५०००० | ० |
| १२ | एक घर एक धारा कार्यक्रम संचालनको लागि तथ्याङ्क संकलन तथा नक्सांकन | ५००००० | ० |
| १३ | पर्यटकीय स्थलहरूको पहिचान तथा नक्साङ्कन | ३००००० | ० |
| १४ | कानून निर्माण तथा व्यवस्थापन | ५०००० | ० |
| १५ | मर्दी हिमाल ट्रेक इन्टरनेट तथा सोलार व्यवस्थापन | ५००००० | ० |

| | | | |
|---|---|---|---|
| १६ | पर्यटन प्रवर्धनको लागी माछापुच्छ्रे वेश क्यम्प तथा तिनशिर सम्मको VLOG निर्माण | ५००००० | ० |
| १७ | वार्षिक समीक्षा कार्यक्रम | १००००० | ० |
| १८ | बजार अनुगमन | १००००० | ० |
| १९ | खानेपानी शुद्दता परीक्षण | २००००० | ० |
| २० | डिजिटल भिलेज प्रोफाइल निर्माण | २००००० | ० |
| २१ | होमस्टे प्रवर्द्धन कार्यक्रम | ३००००० | ० |
| २२ | गा पा प्रशासकीय भवन निर्माण (जि स स अनुदान ) | ७५००००० | ० |
| २३ | CCTV जडान तथा मर्मत | १०००००० | ० |
| २४ | सोलार खरिद तथा जडान | ८००००० | ० |
| २५ | प्राविधिक ल्याब स्थापना र सामग्री खरिद | ५००००० | ० |
| २६ | प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागि आवश्यक सामग्री तथा औजार खरिद | १०००००० | ० |
| २७ | विद्युतीय नागरिक वडापत्र | २०००००० | ० |
| २८ | गाउँपालिका समपुरक | १३००००० | ० |
| २९ | गाउँपालिका समपुरक | ७४८००० | ० |
| ३० | पालिका भवनको लागी जग्गा खरिद | ५००००० | ० |
| ३१ | अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम | ३००००० | ० |
| ३२ | महिला क्षमता अभिवृद्धि | १००००० | ० |
| ३३ | कार्यक्रम खर्च | ७०००० | ० |
| ३४ | पालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन | १००००० | ० |
| ३५ | विद्यालयमा विद्युतीय हाजीरी जडान | ३००००० | ० |
| ३६ | घुम्ति चिकित्सकीय स्वास्थ्य सेवा (स्वास्थ्य चौकी) | २५०००० | ० |
| ३७ | उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम | ३००००० | ० |
| ३८ | बैदेशीक रोजगार बाट फर्केर कृषी फर्म सञ्चालन गर्नेका लागि प्रोत्साहन कार्यक्रम | ५००००० | ० |

| | | | |
|---|---|---|---|
| ३९ | कृषि दिवस कार्यक्रम | १००००० | ० |
| ४० | रैथाने बालि संरक्षण प्रोत्साहन कार्यक्रम | १००००० | ० |
| ४१ | बाली कटानी कार्यक्रम | १००००० | ० |
| ४२ | सिताके च्याउ उत्पादक कृषकलाई बीउ तथा उपकरणमा सहयोग कार्यक्रम | २००००० | ० |
| ४३ | कृषि एम्बुलेन्स सञ्चालन | ५००००० | ० |
| ४४ | पालिका स्तरीय बहुउद्देश्य नर्सरी स्थापना | ६००००० | ० |
| ४५ | चरन खर्क सुधार कार्यक्रम | १००००० | ० |
| ४६ | साना व्यवसाय विस्तारका लागि एक वडा एक उत्पादनमा आधारित कार्यक्रम (सहकारी र कृषक समुह मात्र)।५०%25 अनुदान | १०००००० | ० |
| ४७ | भकारो सुधार कार्यक्रम | ३००००० | ० |
| ४८ | बिरामी गाई भैसी उठाउनको लागि काउ लिप्ठ खरिद | २००००० | ० |
| ४९ | मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गराइरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातक बिरामीहरुलाइ औषधी उपचार बापत उपलब्ध गराउने कार्यविध २०७८ अनुसार सोधभर्ना रकम उपलब्ध गराउने | २५०००० | ० |
| ५० | सञ्चार सामाग्री प्रसारण तथा छपाई (सञ्चार र पँहुच अभियान सञ्चालान) | १५०००० | ० |
| ५१ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ४२९००० | ० |
| ५२ | पोपण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | १५०००० | ० |
| ५३ | रोजगार सेवा केन्द्रको सँचालन खर्च (श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम संचालन ) | ५०००० | ० |
| ५४ | रोजगार सेवा केन्द्रको सँचालन खर्च (स्थानीय तहको रोजगार रणनीति तर्जुमा ) | ५०००० | ० |
| ५५ | आ.व. 207९/८० मा नयाँ अलैंची बाली पकेट विकास कार्यक्रम सञ्चालन | १२००००० | ० |
| ५६ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ कृषि पशुसेवा महिला तथा बालबालिका शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | १५०००० | ० |
| ५७ | रोजगार सेवा केन्द्रको सँचालन खर्च(रोजगार संवाद मन्चको संचालन) | २०००० | ० |
| ५८ | कृषि पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | १००००० | ० |
| ५९ | किसान सूचीकरण कार्यक्रम | ३००००० | ० |

| | | | |
|---|---|---|---|
| ६० | सूचना प्रकाशन तथा उन्नत बीउ उपयोग अनुगमन निरीक्षण | १५०००० | ० |
| ६१ | लम्पी स्कीन रोग नियन्त्रण कार्यक्रम | १००००० | ० |
| ६२ | गुनासो सुनुवाइ कार्यक्रम | २००००० | ० |

१७ **स्वीकृत दरवन्दी वाहिर करार सेवा** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख गरेको छ । स्वीकृत दरवन्दी भन्दा वाहिरका देहाय बमोजिमका कर्मचारी राखी देहायअनुसार खर्च लेखेको छ। स्वीकृत दरवन्दी विपरीतको पद सिर्जना गरी खर्च लेखेको उक्त रकम कानून विपरीत भएकोले स्थानीय सरकारलाई थप व्ययभार परेको रु.

| सि न | विवरण | रकम |
|---|---|---|
| १ | कार्यलय सहायकको रुपमा सिता लम्साल आचार्य मासिक रु. २६१७० चाडपर्व सहित | ३४०२१० |
| २ | कार्यलय सहायकको रुपमा चन्द्र कुमारी गुरुङ्ग मासिक रु. २६१७० चाडपर्व सहित फाल्गुन सम्म | २३०४४० |
| ३ | कार्यलय सहायकको रुपमा गंगा आचार्य मासिक रु. २६१७० चाडपर्व सहित | ३४०२१० |
| जम्मा | | ९१०८६० |

| | |
|---|---|
| अनियमित भएको | ९,१०,८६० |

१८ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| सि.न. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६३५०३००० | ४८९३५२६१ | ८.५ |

| | | | | |
|---|---|---|---|---|
| २ | सामाजिक विकास | ३१६११२००० | २८११२८३६७ | ४८.८४ |
| ३ | पूर्वाधार विकास | १५९९२६९६१ | १२२४८८०४० | २१.२८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २२१५९००० | १०१७३२२३ | १.७७ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १६२१६९४१३ | ११२८३५६५९ | १९.६ |
| | जम्मा | ७२३८७०३७४ | ५७५५६०५५१ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४८.८४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी १.७७प्रतिशत रहेको छ।

१९ **बिधुत महसूलमा जरिवाना -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा कारोवारको लेखा ठिकसंग नराखेको कारणवाट कुनै किसिमको हानी नोक्सानी वा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षतिपूर्ती जिम्मेवार व्यक्तिवाट सरकारी बाँकी सरह असुल उपर गरीने छ भन्ने व्यवस्था रहेको छ।पालिकाले भौचर नम्बर ५१६, २०८०।०३।२१ मा चैत्र र वैशाख महिनाको विधुतको महसूल भुक्तानी गर्दा रु. १२११।०० जरिवाना तिरेको देखियो। यसरी समयमै भुक्तानी नगरेको कारण पालिकालाई थप व्ययभार परेको छ।समयमा महसुल वुझाई छुट सुविधा लिनुपर्नेमा यसरी जरिवाना तिर्दा राज्यलाई अनावस्यक व्ययभार परेको हुँदा यस्ता खर्चमा पालिकाले उचित ध्यान दिनुपर्ने देखिन्छ।

२० **सवारी शाधन नविकरणमा जरिवाना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा कारोवारको लेखा ठिकसंग नराखेको कारणवाट कुनै किसिमको हानी नोक्सानी वा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षतिपूर्ती जिम्मेवार व्यक्तिवाट सरकारी बाँकी सरह असुल उपर गरीने छ भन्ने व्यवस्था रहेको छ। यस पालिकाको नाममा रहेका तपशिलका सवारी साधनको महसुल समयमै भुक्तानी नगरेको कारण पालिकालाई थप व्ययभार परेको देखिन्छ। समयमा महसुल वुझाई छुट सुविधा लिनुपर्नेमा यसरी जरिवाना तिर्दा पालिकालाई अनावश्यक व्ययभार परेको हुँदा यस तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

| सवारी शाधन नं | विवरण | जरिवाना रकम |
|---|---|---|
| ग १ ब १८०४ | सवारी शाधन | १००० |
| ग १ ब ६८५ | सवारी शाधन | १००० |
| जम्मा | | २००० |

२१ **ठेक्कागत अभिलेख खाता -** ठेक्काबाट भएको कामको अभिलेख सबै सार्वजनिक निकायले म.ले.प. फारम नम्बर ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म.ले.प. फारम नं ५०७ बमोजिम गोश्वारा लगत राख्नुपर्दछ। पालिकाले यो वर्ष ठेक्का लगाइएका र गत वर्षका ठेक्काको विवरण खुल्ने गरी स्वीकृत ढाँचामा

अभिलेख राखेको पाइएन। जसले गर्दा ठेक्का व्यवस्थापन भई कार्यान्वयन स्थितिको अनुगमन तथा मूल्याङ्कन विश्लेषण गर्न कठिनाई हुने हुँदा तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

२२ **नापी किताब -** निर्माण सम्बन्धी कामको विवरण म.ले.प. फारम नम्बर ५०३ को ढाँचामा नापजाँच गरी नापी नियन्त्रण खातामा जनाई प्रत्येक निर्माण कार्यको नापी किताब राख्नुपर्दछ। पालिकाले प्रयोग गरीने नापी किताबहरु नापी नियन्त्रण खातामा अभिलेख नजनाई हालसम्म अद्यावधिक काम परिमाण सूची (BOQ) मा उल्लेखित दर जम्मा रकम सडक निर्माणको हकमा चेनेज नखुलेको र स्वीकृत म.ले.प. फारम नम्बर ५०३ ढाँचामा भएको देखिदैन। स्वीकृत म.ले.प. फारम नम्बर ५०३ ढाँचामा नरहेका कम्प्युटरको लुज सिट प्रयोग गरी निर्माण कार्यको भुक्तानी दिँदा यथार्थ नापजाँचको रकम भुक्तानी भएको हो भनी यकिन गर्न सकिएन। पालिकाले स्वीकृत ढाँचाको नापी किताब प्रयोग गरी सो को आधारमा निर्माण कार्यको भुक्तानी गर्नुपर्दछ।

२३ **सवारी साधन खरिद -** अर्थ मन्त्रालयबाट जारी भएको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी वनाउने सम्वन्धि मापदण्ड २०७८ को दफा ९(२) मा नेपाल सरकारको श्रोत वैदशिक अनुदान तथा ऋणवाट स्वास्थ्य सेवा सञ्चालन र निर्वाचन कार्यक्रम सञ्चालन प्रयोजनका लागि वाहेक अन्य प्रयोजनका लागि सवारी साधन खरिद नगर्ने व्यवस्था रहेकोमा यस पालिकाले रु. ६५ लाख ६ हजारको (सवारी शाधन खरिद तथा सोको डेकोरेशन वापत) सवारी साधन खरिद गरेको छ। सवारी साधन खरिद सबै मर्मत र इन्धन खर्चसमेत वृद्धि हुने भएकोले सवारी साधन खरिदमा मापदण्डको पालना गरी मितव्ययीता कायम गर्नुपर्दछ । सवारी साधन खरिदको मापदण्ड तयार गरी यस्तो खर्च व्यवस्थित गर्नुपर्दछ।

| **क्र.सं.** | **सवारी साधन** | **खरिद संख्या** | **सप्लायर्स** | **मूल्य** |
|---|---|---|---|---|
| १ | दुइपांग्रे Honda XR | १ | कुवर ब्रदर्श एण्ड सन्स प्रा लि | ६९८७०० |
| २ | पिक अप | १ | बतास ब्रदर्श प्रा लि | ४९९८००० |
| ३ | सवारी साधनको लागि सामाग्री थप | १ | प्रविशा एसेसरिज | २५१७७५ |
| ४ | दुईपांग्रे Bajaj pulsar 150 | २ | इच्छाशक्ति अटोमोवाइल्स प्रा लि | ५५७८०० |
| जम्मा | | | | ६५०६२७५ |

२४ **योजना छनौट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र

सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई उल्लेखनीय प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि ऐनमा भएको व्यवस्थालाई ध्यान दिई योजना छनौट गर्नुपर्दछ।

२५ **चौमासिक पुँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुने चौमासिक विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ। पूर्जीगत खर्चमध्ये तेस्रो चौमासिक अवधिमा ७१.६६ प्रतिशत अर्थात रु. १३९९८३०८३ खर्च भएको देखिन्छ। कुल खर्च मध्ये असार महिनामा मात्र रु ६२३६१६८३ अर्थात ३१.९२ प्रतिशत खर्च भएको विवरण पेश भएको छ। यसरी वर्षान्तमा हतार हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने योजनाहरु अनुगमन गर्न कठिन हुने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिक अवधि तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| **बजेट उपशीर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|
| | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** | **असार महिना** |
| पँजीगत खर्चतर्फ | १९५३४४९९२ | ५२११८७७ | ५०१५००३२ | १३९९८३०८३ | ६२३६१६८३ |
| प्रतिशत | १०० | २.६७ | २५.६७ | ७१.६६ | ३१.९२ |

२६ **लक्ष्य तथा प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा वार्षिक कार्यक्रम लक्ष्य र प्रगति विवरण अनुसूची १ र बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ को ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी पालिकाले आफुलाई प्राप्त अख्तियारीको सीमाभित्र रही वार्षिक लक्ष्य तथा कार्यक्रम बमोजिम प्रगति हासिल गर्नुपर्दछ। पालिकाले पूँजीगत खर्चको स्वीकृत वार्षिक कार्यक्रम बमोजिमको प्रगति विवरण तयार गरेको देखिएन। वार्षिक लक्ष्य अनुसार प्रगति विवरण तयार नगर्दा वास्तविक रुपमा के कति प्रगति हासिल भयो खुलाउन सकिएन। पालिकाले स्वीकृत भएको कार्यक्रम अनुसार तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ।

२७ **अवण्डा वजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहले यो बर्ष भैपरी आउने र अन्य सार्वजनिक निर्माण शीर्षकमा रु. १ करोड १० लाख २२ हजार

बजेट राखेकोमा कार्यक्रम तोकेको छैन। बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

| सि.न. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशीर्षक | रकम |
|---|---|---|---|---|
| १ | ८०४३९५०२१०१ | भैपरी आउने चालु खर्च | २८९११ | ८६२२४१३ |
| २ | ८०४३९५०२१०१ | भैपरी पुँजीगत खर्च | ३११५९ | २४००००० |
| **जम्मा** | | | | **११०२२४१२** |

२८ **बजेट पेश, पारीत र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारीत गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाअध्यक्ष श्री सिता अधिकारीले मिति २०७९।०३।१० गते रु. ६६ करोड ५६ लाख हजार को बजेट सभा समक्ष पेश गरेकोमा सोही दिन २०७९।०३।१० मा पारीत भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

२९ **प्रगति -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ अनुसार वजेट तथा कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ वमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने र नियम ३६ मा भौतिक र वित्तीय पक्षको समिक्षा गर्नुपर्ने व्यवस्था छ। पालिकाले पुँजीगत खर्च रु. १९५३४४९९२ खर्च गरेकोमा तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन।तोकिए वमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ।

३० **आर्थिक सहायता -** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको चालु खर्चतर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम भौचरवाट रु. ८ लाख ३१ हजार आर्थिक सहायता वितरण गरेको देखियो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।

उत्पादनशील क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। पालिलकाको समानिकरण चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा चालु आर्थिक वर्षमा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता केहि उदाहरण यस प्रकार छन्

| भौ नं र मिति | विवरण (भुक्तानी पाउने) | रकम |
|---|---|---|
| ८।२०७९।५।२३ | अनिल वि क | १०००० |
| २३।२०७०।६।६ | माछापुच्छ्रे गुराँसे भूमे युवा क्लव | १०००० |
| १०१।२०७९।८।२५ | सदस्यता शुल्क गाँउपालिका राष्ट्रिय महासंघ | ५०००० |
| १९६।२०७९।११।१८ | आर्थिक सहयोग | २०००० |
| | नेपाल निजामति कर्मचारी युनियन | २०००० |
| | पर्यटन व्यवसायी महिला संघ नेपाल | २०००० |
| २०२।२०७९।११।१८ | विपन्न आर्थिक सहायता (शुक्ला गण्डकी मा वी) | ३७५०० |
| ३०६।२०८०।१।१२ | नेत्रहिन क्रिकेट संघ | २०००० |
| ३७७।२०८०।२।१४ | नेपाल खेलकुद पत्रकार मंच गण्डकी | २०००० |
| ४२३।२०८०।२।३१ | आर्थिक सहयोग चलचित्र पत्रकार संघ नेपाल कास्की | ३०००० |
| ५३१।२०८०।३।२२ | लोक बहादुर क्षेत्री | १०००० |
| ५३७।२०८०।३।२२ | विपन्न नागरीक आर्थिक सहायता | १२०००० |
| ५३०।२०८०।३।२२ | अभिभावक विहिन वालवालिका पहिचान | ४५००० |
| जम्मा | | ४१२५०० |

३१ **विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शीर्षकवाट १४ लाख ७ हजार खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा खर्च भएको पालिकाले जानाकारी गराएको छ। ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।केही व्यहोराः

| भौ नं।मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ४२।२०७९।६।१३ | खाजा तथा विविध | बद्री विनोद खाजा घर | ९१७८७ |
| ४७।२०७९।६।१४ | अतिथि सत्कार | माछापुच्छ्रे भिलेज इन | ३१७६६ |
| ८५।२०८९।८।११ | खाजा खाना | डाँडाघरे रेविट रेष्टुरेन्ट | ३१२०२ |
| १२१।२०७९।९।१९ | खाजा खाना | मर्दी रिभर भ्यू रेष्टुरेन्ट | ३४३५७ |
| | | सदिक्षा होमस्टे | १५९७६ |
| १५२।२०७९।१०।१५ | खाजा खाना | मर्दि मञ्जु खाजा घर | २९७०० |
| १८८।२०७९।११।१२ | खाजा खाना | बद्री बिनोद खाजा घर | ७७४०० |
| २०३।२०७९।११।२१ | सभा सञ्चालन खर्च | बाराही फुड्स | ३०५०० |
| २२१।२०७९।१२।१ | खाजा खाना | बद्री विनोद खाजा घर | ८४५१३ |
| | | मर्दी रिभर भ्यू रेष्टुरेष्ट | ३३२७३ |
| २६३।२०७९।१२।२६ | अतिथि सत्कार | सदिक्षा होमस्टे | ७६७३१ |
| ३२१।२०८०।१।१७ | खाजा तथा खाना | एलेक्सा एण्ड एन्जिला खाजा घर | २०५५५ |
| | | बद्री विनोद खाजा घर | ७५१३० |
| ३३०।२०८०।१।२४ | अतिथि सत्कार | गण्डकी ट्राउट रेष्टुरेट | २२६२५ |
| ३६९।२०८०।२।९ | खाजा खाना | एलेक्सा एण्ड एन्जिला खाजा घर | ४४९५० |
| ३८२।२०८०।२।१७ | खाजा तथा खाना | बद्री विनोद खाजा घर | ४३९९९ |
| ४३४।२०८०।३।३ | खाजा खाना | एलेक्सा एण्ड एन्जिला खाजा घर | ५४९९२ |
| ४८९।२०८०।३।१८ | सभा संचालन खर्च | गाँउपालिका कार्यालय | ८३९९७ |
| जम्मा | | | ८८३४५३ |

३२ **अनुत्पादक एवं वितरणमुखी पूँजीगत खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल

प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। यस पालिकाले वार्षिक बजेटबाट गाउँपालिका आमा समुहको भवन निर्माण, कार्यलय भन्दा वाहिरको संघसंस्थाको भवन मर्मत तथा निर्माण विभिन्न समुहहरुको फर्निचर व्यवस्थापन लगायतका अनुत्पादक र वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च गरेको छ। यस किसिमका खर्चबाट आर्थिक विकासमा टेवा पुग्ने देखिंदैन। गाउँपालिकाले यस्तो खर्च नियन्त्रणगरी सार्वजनिक स्रोत साधनको उपयोग गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकपालहरुमा खर्च गर्नु पर्दछ। केहि व्यहोरा:

| **भौ न** | **कार्यक्रम** | **कामको विवरण** | **रकम** |
|---|---|---|---|
| १११ | माछापुच्छ्रे मण्डली चर्च | कम्पाउण्ड निर्माण | १३६६४८ |
| ११६ | बौद्ध तामाङ समाज | भवन निर्माण | २८८००० |
| १३९ | सिधिङ पेरिसिङ बराह मन्दिर संरक्षण समिति | मन्दिर संरक्षण तथा व्यवस्थापन | १९२००० |
| २१४ | घडेरी आमा समुह | आमा समुह भवनमा कम्पाउड निर्माण | ३८४००० |
| २३५ | हिमाली डाँफे युवा क्लव | भवन निर्माण | ४८०००० |
| ४३५ | कोलेली आमा समुह | भवन मर्मत तथा रंगरोगन | १४३००० |
| ४४० | पुन समाज | भवन दोस्रो तला थप | ८६४००० |
| ४८७ | ल्वाङ कोसेली घर सञ्चालक समिति | भवन निर्माण | १९२००० |
| ५२३ | भंयेर बराह समाजघर | भवन निर्माण | ३७७२८० |
| जम्मा | | | ३०५६९२८ |

३३ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(१) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद विधिको उल्लेख गरेको छ। सार्वजनिक खरिद तथा नियमावली बमोजिम खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ। नियमावलीको नियम ७ मा खरिदको गुरुयोजना नियम ८ मा वार्षिक खरिद योजना स्विकृत गराई खरिद गर्नुपर्ने व्यवस्थाहरु रहेका छन। कार्यालयले वार्षिक खरिद योजना बनाई वार्षिक खरिद योजना अनुसार एकै प्रकृतीको समाग्री खरिद गर्दा एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ ले तोकेको खरिद विधी

र पक्रिया पुरा गरी खरिद गर्नुपर्नेमा सो बमोजिम नगरी पटक पटक देहाय बमोजिम खरिद गरी भुक्तानी गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोरा देहाय अनुसार छनः

३३.१ **फर्निचर खरिदः** पालिका सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) अनुसार खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ १ (ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढी रकमको एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ। पालिकाले वार्षिक खरिद योजना बनाई प्रतिष्पर्धात्मक तरिकावाट खरिद गर्नुपर्नेमा प्रतिष्पर्धा वेगर फर्निचर खरिद सोझै गरेकोले अनियमित देखिएको रु. २१७१७१९

| **भौचर। मिति** | **विवरण** | **फर्मको नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ३३१,२०८०।०१।०६ | फर्निचर खरिद | सिटिजन, न्यू आचार्य लगायत विभिन्न फर्मबाट | १५०००० |
| ४०१,२०८०।०२।०५ | फर्निचर खरिद | स्याङजाली फर्निचर एण्ड फर्निसिंङ सप्लायर्स | ४९८८३९ |
| | फर्निचर खरिद | सिटिजन फर्निचर ट्रेड लिङक प्रा लि | ७९९४८ |
| ४९२,२०८०।०३।०४ | फर्निचर खरिद | मल्ल फर्निचर ल्याण्ड | ३५४९३३ |
| ५४१,२०८०।०३।२० | फर्निचर तथा फिक्चर्स | मल्ल फर्निचर ल्याण्ड | ४९२००० |
| ५४२,२०८०।०३।२० | फर्निचर तथा फिक्चर्स | मल्ल फर्निचर ल्याण्ड | ५९५९९९ |
| ५४३,२०८०।०३।२० | फर्निचर तथा फिक्चर्स | मल्ल फर्निचर ल्याण्ड | १०१७०० |
| जम्मा | | | २१७१७१९ |

| अनियमित भएको | २१,७१,७१९ |
|---|---|

३३.२ **सडक मर्मत सम्वन्धी खरिदः** पटक पटक गरेर विभिन्न निर्माण कम्पनीसंग देहाय बमोजिम खरिद गरी भुक्तानी गरेको छ। पालिकाले नियमावलीमा भएको व्यवस्था वमोजिम खरिद गर्नतर्फ ध्यान दिनुपर्दछ।

| **भौचर। मिति** | **विवरण** | **फर्मको नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २२,२०७९।०६।३१ | वडा न.२ को सडक मर्मत तथा सरफाई | रेजु कन्सट्रक्सन प्रा. लि. | २८४९२४ |
| ६१,२०७९।०९।३१ | वडा न २ को बाटो मर्मत | रवि कन्स्ट्रक्सन | ३०७६७५ |
| ४४२,२०८०।०२।२३ | वाझोखेत चिन्ते वगर सडक निर्माण | के डि कन्सट्रक्सन | २३४७०० |
| ५३८,२०८०।०३।१९ | वडा कार्यालय ट्रस तथा किचन निर्माण | ओमबुद्ध कन्स्ट्रक्सन प्रा लि | ४४६७७० |
| ५७१,२०८०।०३।२४ | वडा २ को बाटो मर्मत | लम्साल एण्ड ब्रदर्श कन्सट्रक्सन प्रा लि | ३२४०० |
| ५७१,२०८०।०३।२४ | वडा २ को बाटो मर्मत | रेन्जु कन्सट्रक्सन प्रा लि | ४३४७० |
| १६,२०७९।०८।१९ | वडा ८ को वाटो मर्मत | रक एण्ड सोइल कन्स्ट्रक्सन र जनमत कन्स्ट्रक्सन | १४१५०० |
| ५१,२०८०।०३।२४ | ह्युम पाइप स्थान्तरण | लम्साल एण्ड ब्रदर्श कन्सट्रक्सन प्रा लि | २७०१० |
| जम्मा | | | १५१८४४९ |

३३.३ **मेशिनरी तथा औजार खरिदः** कार्यालयले रु. १०६४४४४ मुल्यको विभिन्न मालसामान खरिद गर्दा ऐन नियमको व्यवस्था पालना नगरी तपशिल वमोजिमका सामाग्री सोझै खरिद गरेको देखिन्छ। कार्यालयले ऐन तथा नियममा भएको व्यवस्थाको पालना गर्दै एकै प्रकृतिको सामान एउटै प्याकेज बनाई खरिद कार्य गर्नेतर्फ ध्यान दिनुपर्छ

| **भौचर। मिति** | **विवरण** | **फर्मको नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १७१,२०७९।११।०८ | मेशिनरी तथा औजार | जि.टि. ट्रेडर्स | ३२००० |
| ३८४,२०८०।०२।०१ | मेशिनरी तथा औजार | मुक्ति इनर्जी पोखरा प्रा लि | ८७३९० |
| ३९२,२०८०।०२।०३ | मेशिनरी तथा औजार | स्कील नेट प्रा लि | १३५७५९ |
| ५१३,२०८०।०३।१३ | मेशिनरी तथा औजार | टेक इन इन्टरप्राइजेज | ३९६५९५ |
| ५१७,२०८०।०३।१७ | मेशिनरी तथा औजार | आदित्य विजुली पसल, ब्राण्डेड मोवाइल जोन | ४३२०० |

| | | | |
|---|---|---|---|
| ५४०,२०८०।०३।१९ | मेशिनरी तथा औजार | शंकर इलेक्ट्रोनिक्स | १०३५०० |
| ५७८,२०८०।०३।२४ | मेशिनरी तथा औजार | दिपा इलेक्ट्रोनिक्स सेन्टर | ५४००० |
| ५४३,२०८०।०३।२० | मेशिनरी तथा औजार | आई के वि एज ग्रुप प्रा लि | २१२००० |
| जम्मा | | | १०६४४४४ |

३४ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(१) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद विधिको उल्लेख गरेको छ। सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) बमोजिम खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ।सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा वार्षिक खरिद योजना स्विकृत गराई खरिद गर्नुपर्ने व्यवस्थाहरु रहेका छन। पालिकाले वार्षिक खरिद योजना बनाई वार्षिक खरिद योजना अनुसार एकै प्रकृतिको समाग्री खरिद गर्दा एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ ले तोकेको खरिद विधी र पक्रिया पुरा गरी खरिद गर्नुपर्नेमा सो बमोजिम नगरी पटक पटक देहाय बमोजिम खरिद गरी भुक्तानी गरेको छ। यसरी कानून विपरीत खरिद गरेको अनियमित देखिएको रु

| **भौ नं।मिति** | **विवरण** | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|---|
| ११६।२०७९।९।१९ | मससलन्द तथा कार्यालय सामाग्री | वडा नं ५ को कार्यालय | २२६१५ |
| १३४।२०७९।१०।४ | मससलन्द तथा कार्यालय सामाग्री | वडा नं ७ को कार्यालय | १०२०१ |
| १४७।२०७९।१०।१२ | मससलन्द तथा कार्यालय सामाग्री | वडा नं २ को कार्यालय | ४१६३० |
| १४९।२०७९।१०।१३ | मससलन्द तथा कार्यालय सामाग्री | वडा नं ९ को कार्यालय | ३१२२५ |
| १५७।२०७९।१०।१८ | मससलन्द तथा कार्यालय सामाग्री | आदित्य विजुली पसल | ४४६७९ |
| १५९।२०७९।१०।२५ | मससलन्द तथा कार्यालय सामाग्री | गण्डकी ट्रेड हाउस एण्ड सप्लायर्स | ९४४११ |
| १६२।२०७९।१०।२५ | मसलन्द तथा कार्यालय सामाग्री | अस्मिता ट्रेड कन्सर्न | ३९७१७२ |
| १८०।२०७९।११।८ | मसलन्द तथा कार्यालय सामाग्री | आदर्श अफसेट प्रेस | ७७९५४ |

| | | | |
|---|---|---|---|
| | | आचार्य विन्धवासिनी सप्लायर्स स्टोर्स | १८३९० |
| १८६।२०७९।११।११ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं ८ को कार्यालय | १२५४० |
| २०४।२०७९।११।२१ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं ६ को कार्यालय | ४७३१० |
| २३१।२०७९।१२।५ | मसलन्द तथा कार्यालय सामाग्री | गण्डकी कम्प्यूटर्स | ५६५७८ |
| २६१।२०७९।१२।२६ | मसलन्द तथा कार्यालय सामाग्री | गण्डकी कम्प्यूटर्स | ५४९६३ |
| | | अस्मिता ट्रेड कन्सर्न | ८९५४५ |
| | | आदित्य इन्टरप्राइजेज | १९२०७ |
| २९२।२०८०।१।७ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं ४ घाचोक स्टेशनरी | ८२३२० |
| २९९।२०८०।१।१० | मसलन्द तथा कार्यालय सामाग्री | आदर्श अफसेट प्रिन्टर्स | ९२१४५ |
| ३१५।२०८०।१।१७ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं ५ को कार्यालय | ३५२६५ |
| ३२९।२०८०।१।२१ | सुचना प्रकाशन | केन्द्रभाग मिडिया प्रा ली | ७०२४५ |
| ३३१।२०८०।१।२४ | मसलन्द तथा कार्यालय सामाग्री | किप्टी इनोभसन टेक्नोलोजी प्रा ली | ५५७५० |
| ३६४।२०८०।२।३ | मसलन्द तथा कार्यालय सामाग्री | आदर्श अफसेट प्रेस | ४७८५७ |
| | | आचार्य विन्धवासिनी सप्लायर्स स्टोर्स | १८४६४ |
| ३८०।२०८०।२।१४ | मसलन्द कार्यालय सामाग्री | अस्मिता ट्रेड कन्सर्न | ९८०६१ |
| ३८४।२०८०।२।१७ | मसलन्द तथा कार्यालय सामाग्री | गण्डकी ट्रेड हाउस | ७५०३९ |
| ४३६।२०८०।३।४ | मसलन्द तथा कार्यालय सामाग्री | दि मोर्डन अफसेट प्रेस | ८७२२५ |
| ४६८।२०८०।३।१७ | मसलन्द तथा कार्यालय सामाग्री | कल्पवृक्ष वुक्स एण्ड स्टेशनरी | ५०००० |
| ४८२।२०८०।३।१८ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं ६ | २३३१० |
| ४८३।२०८०।३।१८ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं ५ | ३२२९० |
| ५१८।२०८०।३।२१ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं ८ | ६५३५४ |

| | | | |
|---|---|---|---|
| ५५०।२०८०।३।२३ | मसलन्द तथा कार्यालय सामाग्री | गण्डकी ट्रेड हाउस एण्ड सप्लायर्स | १९६८८७ |
| जम्मा | | | २०४८६३२ |
| | | अनियमित भएको | २२,१६,४६४ |

३५ **मर्मत संभार -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८२ मा मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। आर्थिक बर्ष २०७९।८० मा मात्रै पालिकाले पालिकाका अध्यक्षले प्रयोग गर्ने गाडी नं BAA 0592, उपाध्यक्षले प्रयोग गर्ने BAA 0539, र विभिन्न कर्मचारीले प्रयोग गर्ने १८ वटा मोटरसाइकल र ४ वटा स्कुटरको मर्मत संभारका लागि रु १२७४५७५ खर्च गरेको छ। सवारी शाधन मर्मतका लागि यति ठुलो रकम खर्च गर्नु उचित दखिंदैन। यस्तो प्रकारको मर्मत खर्च नियन्त्रण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

३६ **निर्माण कार्यको अभिलेख -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। सोही नियमको उपनियम २ मा त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ डिजाइन र स्पेशिफिकेशन बमोजिम भए नभएको जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ। त्यस्तै उपनियम ४ मा उपनियम (१) बमोजिमको नक्सा र उपनियम ३ बमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पि. मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीहरुबाट जाँचबुझ गराउनुपर्नेमा डि.एल.पि. मा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि. समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्यसम्पन्न प्रतिवेदन पेश गरेको नगरेको यकिन गर्न सक्ने अवस्था रहेन। अतः अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

३७ **मागमा आधारीत कार्यक्रम -** ४८८।२०८०।३।१८ दलितहरुका लागि मागमा आधारीत आयआर्जन मूलक कार्यक्रम उल्लेख गरी रु ४९६९७५ माछापुच्छ्रे गाँउपालिका दलित संजाललाई भुक्तानी गरेको देखियो। उक्त कार्यक्रमबाट अपेक्षित उपलब्धी भयो भएन। सम्पन्न पश्चातको अनुगमन नभएको र कार्यक्रम उत्पादनमूलक भयो भएन यकिन हुन सकिएन। यस्तो तालिम संचालन पछि लाभग्राहीमा परेको सकारात्मक प्रभाव उक्त व्यक्तिहरुको सिकाइमा भएको गुणात्मक परिवर्तनका साथै समग्र तालिमको उपलव्धीका बारेमा पालिकाले प्रतिवेदन तयार पारेको देखिदैन। यसरी पालिकाले स्रोत शाधनको लगानी गरेपछि तालिम सामाग्रीको

उपयोग तथा सिकाईको गुणात्मकतामा ध्यान दिनुपर्दछ। यस्ता कार्यक्रम संचालन गरेपछि ति कार्यक्रमको प्रभावकारीता अभिवृद्धि गर्ने तथा सिकाइलाई दिर्घकालीन कमाइको लागि प्रयोग गर्नसक्ने वनाउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

३८ **क्षेत्राधिकार वाहिरको भुक्तानी -**आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७५ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले खर्च गर्नु पूर्व उक्त जिम्मेवारी आफ्नो कार्य क्षेत्रभित्रको हो होइन यकिन गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले सो कुरा बिचार नगरी तपशिल बमोजिम आफ्नो क्षेत्राधिकार भित्र नपर्ने सरकारी तथा गैरसरकारी निकायको भौतिक संरचना निर्माण कार्यमा खर्च लेखेको छ। पालिकाले खर्च गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकपालहरुमा खर्च गर्न अग्रसर हुनुपर्दछ।

| **गो भौ न मिति** | **विवरण** | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|---|
| १८३।२०७९।११।८ | सवारी शाधन मर्मत, मसलन्द तथा कार्यालय सामाग्री | अस्थायी प्रहरी पोष्ट | १२६१३ |
| ३९२।२०८०।२।२२ | गौ संरक्षण तथा गिद्ध संरक्षणका लागि घाँस दाना व्यवस्थापन | जटायु संरक्षण तथा गौरक्ष केन्द्र व्यवस्थापन समिति | १००००० |
| २९८।२०७९।१२।२८ | रंगरोगन तथा व्यवस्थापन | सार्दीखोला प्रहरी चौकी | ५०००० |
| ३९७।२०८०।२।२५ | हाजिरी जवाफ प्रतियोगिता | गणित शिक्षा परिषद | ४०००० |
| ३३७।२०८०।१।७ | भवन निर्माण | नेपाल रेडक्रस सोसाइटी घाचोक | ९५१५० |
| ५०९।२०८०।३।१३ | भवन निर्माण | नेपाल प्रहरी | १५३६०० |
| जम्मा | | | ४५१३६३ |

३९ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनुका साथै अभिलेख राखु पर्दछ।

४० **न्युन विद्यार्थि संख्या भएका विद्यालय -** शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थि संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ। सोही नियमावलीको नियम १२ (क) मा विद्यालय गाभ्न लिइने आधारहरु उल्लेख गरेको छ । यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या ३८ रहेको र यस आ.व. मा उक्त विद्यालयहरुलाइ रु २२१६५३६७४ निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरण अनुसार देहायका विद्यालयहरुमा उपरोक्त कानूनले तोके भन्दा न्यून संख्यामा विद्यार्थी रहेको देखिन्छ । न्यून विद्यार्थि संख्या रहेका तपशिलका १६ विद्यालयहरुलाइ उपरोक्त कानून कमोजिम एक आपसमा गाभि विद्यालय व्यवस्थापनलाइ चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउने तर्फ यस पालिकाले ध्यान दिई कम विद्यार्थी भएको विद्यालयलाई एक आपसमा गाभी पठनपाठन गर्नुपर्ने देखिन्छ। उल्लेखित विद्यालयमध्ये हिमालय तीनशिर प्रा वि मा ६ जना शिक्षक र ५ जना विद्यार्थी, जनता आधारभूत विद्यालयमा ५ जना शिक्षक र ९ जना विद्यार्थी रहेको अवस्था देखिँदा यस्ता विद्यालयलाई एक आपसमा गाभी पठन पाठन गराउनु पर्दछ। सम्बन्धित निकाय तथा पदाधिकारीहरुको यसतर्फ उचित ध्यान दिनुपर्ने देखिन्छ । यस पालिका अन्तर्गत ५० भन्दा कम विद्यार्थि संख्या रहेका बिद्यालयहरुको विवरण यस प्रकार छनः

| क्र.स. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | विद्यार्थी संख्या | जम्मा निकासा |
|---|---|---|---|---|---|
| १ | श्री हिमालय डाँफे प्रा.वि. | ५ | ५ | ३४ | २५३४१९१ |
| २ | श्री हिमाली प्रा.वि. | ५ | ५ | १३ | २०४७९३४ |
| ३ | श्री बाराही प्रा.वि. | ६ | ६ | ४८ | ५६८०७५१ |
| ४ | श्री हिमालय तीनशिर प्रा.वि. | ६ | ६ | ५ | २१९८२८९ |
| ५ | श्री जनजागरण नमुना सामुदायीक आ.वि. | ६ | ६ | ४७ | २९३२६१० |
| ६ | श्री जनकल्याण प्रा.वि. | ५ | ५ | १५ | २०९११९८ |
| ७ | श्री माछापुच्छ्रे प्रा.वि. | ५ | ५ | १५ | २२५९८४३ |
| ८ | श्री कैलाश टेप्शुओ प्रा.वि. | ५ | ५ | २७ | २१६८९५२ |
| ९ | श्री इन्द्रेणी प्रा.वि. | ५ | ५ | २७ | २३०८४९४ |
| १० | श्री भुमेश्वर आ.वि. | ९ | ९ | ३८ | ४४२३२५३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | श्री ज्ञानोदय आ.वि. | ५ | ५ | २६ | २५०४५१२ |
| १२ | श्री देउराली आ.वि. | ५ | ५ | ३३ | २३६५१८६ |
| १३ | श्री जनप्रिय प्रा.वि. | ५ | ५ | २७ | २२६४९७२ |
| १४ | श्री अन्नपूर्ण प्रा.वि. | ५ | ५ | १९ | २२२१३२७ |
| १५ | श्री जनता आ.वि. | ५ | ५ | ९ | २१३४७६६ |
| १६ | श्री हिमगिरी आ.वि. | ४ | ४ | १० | १४६२४९९ |
| जम्मा | | | | | ३९५०७५७९ |

४१ **सम्पत्ति कर -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ मा एकिकृत सम्पत्ति कर तथा घर जग्गा कर सम्वन्धी व्यवस्था गरेको छ। पालिकाले एकिकृत सम्पत्ति कर तथा घरजग्गा कर सम्वन्धी कानून निर्माण गरेको देखिएन। पालिकाले कानूनको व्यवस्था भए अनुसार सम्पति करको दर निर्धारण गरी पालिकाभित्रका व्यक्तिको लगत राखी आय संकलन बृद्धि गर्ने तर्फ पालिकाले ध्यान दिएको देखिएन। आन्तरिक आय वृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४२ **शीर्षक फरक पारी खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१) वमोजिम कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ मा विनियोजित वजेट सम्वन्धित खर्च शीर्षकमा गर्नुपर्ने उल्लेख छ। नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले तपशिल वमोजिमका भुक्तानी गर्दा शीर्षक फरक पारी भुक्तानी गरेको पाइयो। अत विनियोजित वजेट खर्च गर्दा शीर्षक फरक परेको अनियमित देखिएको रु

| **गो भौ नं।मिति** | **खर्च शीर्षक** | **भुक्तानी भएको** | **रकम** |
|---|---|---|---|
| ८९।२०७९।८।१२ | विविध | मौला पुजामा वोका खरिद (अस्थायी प्रहरी पोष्ट) | ७५००० |
| १७०।२०७९।११।८ | टारीखेत छपले हुदै डाँडागाँउ सडक स्तरोन्नती | आदित्य विजुली पसल | १०७५० |
| ३७०।२०८०।२।९ | कार्यक्रम खर्च | सिक्लेस अवलोकन भ्रमण | ७०००० |
| ४६७।२०८०।३।१७ | गाँउपालिका भित्रको पर्यटन पदमार्गहरुको स्तरोन्नती (पुँजीगत) | कार्यक्रम संचालन | ७५००० |
| ४०१।२०८०।२।५ | सडक मर्मत तथा संभार | फर्निचर खरिद | ७९९४८ |

| | | | |
|---|---|---|---|
| ९०।२०८०।१।१२ | स्काउट कार्यक्रम | जनप्रतिनिधि तथा कर्मचारीको लागि खेलकुद | १५२९३१ |
| जम्मा | | | ४६३६२९ |

| | |
|---|---|
| अनियमित भएको | ४,६३,६२९ |

४३ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्र्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नेपर्ने व्यवस्था गरेको छ। पालिकाले म्याद कायम रहेको देहाय बमोजिमका निर्माण व्यवसायीलाई दिएको पेश्की फछ्र्यौट हुन बाँकी रहेको विवरण पेश गरेकोमा समयमै पेश्की फछ्र्यौट गर्नतर्फ ध्यान दिनुपर्दछ। पालिकाले आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँको रहेको निम्नानुसार निर्माण व्यवसायी व्यक्ति संस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असुल फछ्र्यौट गर्नुपर्ने रु.

| गो. भौ।मिति | पेश्की विवरण | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|
| १,२०७९।०४।०१ | गाउपालिकाभवन निर्माणका लागि नया बाटो जि एस इन्जिनियरिङ्ग जे भि | १४५९९०८ | ० |
| १,२०७९।०४।०१ | गाउपालिका पूर्वाधार विकास निर्माण जि सि कन्स्ट्रक्सन एण्ड बिल्डर्स प्रा लि | १०८४०० | ० |
| ३४५,२०८०।०१।११ | इदिखोला पुलदेखि पाँचमुरे पोखराको गैहा ग्रामिण सडक उ.स. | ० | ९५०४० |
| १८,२०८०।०३।०३ | इदिखोला झोलुङ्गेपुल निर्माण उपभोक्ता समिति | ० | ७०८५९३ |
| जम्मा | | १५६८३०८ | ८०३६३३ |

| | |
|---|---|
| पेश्की | ८,०३,६३३ |

४४ **ननफाईलर -** आयकर ऐन, २०५८ को दफा ९६ मा आय वर्ष समाप्त भएको मितिले ३ महिना भित्र आय विवरण सम्बन्धीत आन्तरिक राजश्व कार्यालयमा बुझाउनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा अर्थ मन्त्रालयको मिति २०७८।०८।२९ च.नं. ३२७ को पत्रबाट १ वर्ष भन्दा अवधिको आयकरमा ननफाईलर रहेकोलाई रकम भुक्तानी दिन नहुने उल्लेख छ। पालिकाले यस वर्ष माछापुच्छ्रे गाउपालिका प्रशासकिय भवन निर्माणको (छैटौ रनिङ्ग बिल) निर्माण व्यवसायी नयाँबाटो।जि एस इन्जिनियरिङ जेभीलाई भौ न २१ मिति

२०७९।०६।२८ बाट मु अ कर रु. ४२१२८० समेत रु ३०१५७३५।०० भुक्तानी गरेको छ। आन्तरिक राजस्व कार्यलयको वेभसाइटमा प्यान न. ६१३३२८९५१ मा सर्च गरी हेर्दा करदाताले आ व ०७६।७७ देखि आय विवरण बुझाएको देखिन्छ भने २०७७।०७८, २०७८।७९, २०७९।८० को विवरण हालसम्म बुझाएको देखिदैन। अतः आपूर्तिकर्तालाई भुक्तानी दिएको रकमको मु अ कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२१,२८० |

४५ **पारिश्रमिक कर कम कट्टी भएको -** आय कर ऐन २०५८ को दफा ८८ को उपदफा १ मा वैठक भत्ता तथा पटके रुपमा गरीने अध्यापन वापतको पारश्रमिक कर १५ प्रतिशत निर्धारण गरेको छ। पालिकाले तपशिलका विभिन्न भौचरबाट भुक्तानी गर्दा कम कर कट्टा गरी भुक्तानी गरेको देखिएकाले कम कट्टा भएको कर रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु

| **भौ नं।मिति** | **विवरण (प्रशिक्षण वापत)** | **भुक्तानी रकम** | **कट्टा गर्नुपर्ने कर** | **कट्टा भएको कर** | **नपुग कर** |
|---|---|---|---|---|---|
| ११२।२०७९।९।४ | वडा अध्यक्ष खेलकुद प्रतियोगिता वडा नं ६ | १५००० | २२५० | - | २२५० |
| २४४।२०७९।१२।९ | महिलाका लागि क्षमता अभिवृद्धि तालिम | ७१९६६ | १०७९५ | १५९० | ९२०५ |
| ४३२।२०८०।३।३ | मनोसामाजिक परामर्श सेवा | ६३६०० | ९५४० | ६६६० | २८८० |
| ५२०।२०८०।३।२१ | उपाध्यक्षसंग महिला तथा बालबालिका कार्यक्रम वडा नं ९ | ३७८०० | ५६७० | ५७६ | ५१०३ |
| जम्मा | | १८८३६६ | २८२५५ | ८८१७ | १९४३८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,४३८ |

४६ **वहाल कर कट्टी नभएको -** आय कर ऐन २०५८ को दफा ८८ को उपदफा १ को प्रतिवन्धात्मक वाक्याशंमा भाडा भुक्तानीमा १० प्रतिशत वहाल कर निर्धारण गरेको छ। पालिकाले तपशिलका विभिन्न भौचरबाट भाडा भुक्तानी गर्दा वहाल कर कट्टा नगरी भुक्तानी गरेको देखिएकाले भाडा कर रकम असुल गर्नुपर्ने रु

| भौ नं।मिति | विवरण | भाडा रकम | कर रकम |
|---|---|---|---|
| ७३।२०७९।७।२३ | भलिवल खेल संचालन खेलकुद संचालन आयोजक समिति वडा नं ५ साउण्ड सिस्टम | ६००० | ६०० |
| ११२।२०७९।९।४ | टेण्ट मञ्च र साउण्ड सिस्टम | ५५००० | ५५०० |
| १९३।२०७९।११।१७ | टेण्ट मञ्च र साउण्ड सिस्टम | ५२००० | ५२०० |
| ४४७।२०८०।३।५ | जनजातिहरुको लागि मागमा आधारीत सीपमूलक कार्यक्रम S.K Sound and Music House साउण्ड सिस्टम र जेनेरेटर भाडामा लिएको | ३५००० | ३५०० |
| जम्मा | | | १४८०० |

*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट सशक्तिकरण कार्यक्रम माछापुच्छ्रे त्रिशक्ति युनाइटेड क्लब को २,००० अपांगता भएका व्यक्तिका लागि मागमा आधारीत आयआर्जनमूलक कार्यक्रम को १,८०० र खेलकुद संचालन को ९२० गरी रु. ४७२०।- सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,८०० |

४७ **वढी दरमा मुल्यांकन तथा भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा गरीने कार्यको नर्म्स भए त्यस्तो नर्म्सको प्रयोग गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायका योजनामा जालीमा ढुङ्गा भर्ने काममा फरक नम्सरेटको आधारमा मुल्याङ्कन गरी भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपपर्ने रु.

| भौ न | योजनाको नाम | कामको विवरण | परिमाण (घ.मि.) | भुक्तानी दर | हुनुपर्ने दर | फरक दर | रकम |
|---|---|---|---|---|---|---|---|
| १२६, २०७९।१०।१८ | मिर्सा रुम्जा मोटरबाटो स्तरोन्नति | २*१*१ को जालीमा ढुङ्गा भर्ने काम | ४२ | ५२७३.९० | ५११५.९० | १५८ | ६६३६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १.५*१*१ को जालीमा ढुङ्गा भर्ने काम | १८ | ५४५९.६० | ५०८९.६० | ३७० | ६६६० |
| | | ३*१*१ को जालीमा ढुङ्गा भर्ने काम | ६ | ५३८२.८० | ५०४९.७० | ३३० | १९९८ |
| १६५, २०७९।११।०५ | खहरेखोला ग्याविन तारजाली तटवन्धन | १.५*१*१ को जालीमा ढुङ्गा भर्ने काम | ३६ | ५४५९.६० | ५३०१.६० | ३७० | १३३२० |
| | | २*१*१ को जालीमा ढुङ्गा भर्ने काम | २० | ५२७३.९० | ५११५.९० | १५८ | ३१६० |
| १९३, २०७९।११।१७ | मिलनटोल लेकुना शाखा मोटरबाटो | १.५*१*१ को जालीमा ढुङ्गा भर्ने काम | १२ | ५७८३.४१ | ५६२५.४१ | ३७० | ४४४० |
| | | २*१*१ को जालीमा ढुङ्गा भर्ने काम | २६ | ५५९७.६९ | ५४३९.६९ | १५८ | ४१०८ |
| २६५, २०७९।१२।२० | शिव मन्दिर मर्मत तथा संरक्षण | २*१*१ को जालीमा | ३० | ५५९७.६९ | ५४३९.६९ | १५८ | ४७४० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ढुङ्गा भर्ने काम | | | | | |
| २६६, २०७९।१२।२० | शरिपाखा मोटरबाटो स्तरोन्नति | २*१*१ को जालीमा ढुङ्गा भर्ने काम | ५० | ५२७३.८९ | ५११५.८९ | १५८ | ७९०० |
| | | १.५*१*१ को जालीमा ढुङ्गा भर्ने काम | ३ | ५४५९.६३ | ५०८८.८० | ३७० | ११९० |
| ३२१, २०८०।०१।०५ | हुम्दी डाडागाउँ मोहरा जाने बाटो स्तरोन्नति | १.५*१*१ को जालीमा ढुङ्गा भर्ने काम | १५ | ५१६३ | ४९५० | २१३ | ३१९५ |
| ३२८, २०८०।०१।१६ | बाराही प्रा.वि कम्पाउण्ड निर्माण | ३*१*१ को जालीमा ढुङ्गा भर्ने काम | ३६ | ५३४३.२ | ५०१०.५ | ३३२.७ | ११९७७ |
| | | २*१*१ को जालीमा ढुङ्गा भर्ने काम | २८ | ५४१९.९६ | ५०७६.६५ | ३४३.३१ | ९६१३ |
| | | १.५*१*१ को जालीमा ढुङ्गा भर्ने काम | १९.५ | ५७५६.२७ | ५०४९.६ | ७०६.६७ | १३७८० |
| ३८६, | केशवाङ मोटरबाटो | १.५*१*१ को | २२.५ | ५२६२.४५ | ५०४९.७ | २१२.७५ | ४७६७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०८०।०२।०१ | ल्वाङ तोरी चिया बगानसम्म मोटरबाटो स्तरोन्नति वडा ८ | जालीमा ढुङ्गा भर्ने काम | | | | | |
| ४४९, २०८०।०२।२५ | कोदिखोला काउरेवेशी सिचाई कुलो मर्मत | २*१*१ को जालीमा ढुङ्गा भर्ने काम | १४ | ५२७३.८९ | ५११५.८९ | १५८ | २२१२ |
| | | १.५*१*१ को जालीमा ढुङ्गा भर्ने काम | ७.५ | ५४५९.६३ | ५०८८.८८ | ३७०.७५ | २७८० |
| ४६७,२०८०।०२।२९ | भेडावारी प्रा स्वा केन्द्र हुदै झोलुङ्गे पुल नजिकको भत्केको सडक | १.५*१*१ को जालीमा ढुङ्गा भर्ने काम | १५ | ५४२६.९६ | ५०५६.२१ | ३७०.७५ | ५५६० |
| ५१४, २०८०।०३।१३ | न्याकीदेखि पहिरो बाटोसम्म को मोटरबाटो स्तरोन्नति वडा ७ | २*१*१ को जालीमा ढुङ्गा भर्ने काम | २४ | ५७८३.२८ | ५४३९.६९ | ३४३.५९ | ८२४६ |
| जम्मा | | | | | | | ११६२०२ |

*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट केशवाङ मोटरबाटो ल्वाङ तोरी चिया बगानसम्म मोटरबाटो स्तरोन्नति वडा ८ को रु. ४,७६७।- सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,११,४३५ |

४८ **डण्डीमा बढि भुक्तानी -** सार्वजनिक खरिद ऐन तथा नियमावलिमा भएको व्यवस्थाअनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा स्विकृत नर्म्स तथा जिल्ला दररेटका आधारमा प्राविधिक मुल्यांकन गरी भुक्तानी दिनुपर्ने उल्लेख छ।यस पालिकाले यस वर्ष उपभोक्ता समितिबाट निर्माण सम्पन्न गरेकोबाटो ढलानकार्यको तपसिल वमोजिमका केही नमुना छनौट गरिसम्वद्ध फाँटवारी परीक्षण गर्दामेन बार र डिष्ट्रिव्यूसन बारमाअन्तिम मुल्याङ्कनमा कायमभई भुक्तानी भएकोपरिमाण भन्दा घटि परिमाणमा डण्डि प्रयोग गरि कार्य सम्पादन भएको छ।यसरीमुल्याङ्कनपरिमाण भन्दा घटि परिमाणमा निर्माण सामाग्रीप्रयोगबाट तोकिएको गुणस्तर सुनिश्चित नभई निर्माण कार्यको दीगोपना कायम नहुनुका साथै वास्तविक कार्य कार्यसम्पादन भन्दा बढि परिमाण मुल्याङ्कन हुदा उपभोक्ता समितिलाई बढि भुक्तानी भएको छ।यसरी बढि भुक्तानी भएकोजम्मा रकम रु ८५८५९ सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने

| **भौ न** | **कामको विवरण** | **मुल्याङ्कन परिमाण** | **खपत परिमाण** | **फरक परिमाण** | **दर** | **बढि भुक्तानी** |
|---|---|---|---|---|---|---|
| १२४ | ठूलिपोखरी नुवागाउँ सडक स्तरोन्नति | ५००.२ केजि | ४८१.५३ केजि | १८.६७ केजि | १२७.२७ | २७७६ |
| १५९ | धिप्राङ वेशी शाखा कुलो निर्माण | ७१६.३७ केजि | ६०१.८२ केजि | ११४.५५ केजि | १२९.७४ | १४८६१ |
| २४३ | ठाँटीओल्चे तल्लोटोल कल्भर्ट निर्माण | ६५०.७८ केजि | ५५० केजी | १००.७८ केजि | १२७.२९ | १२८२८ |
| ३३५ | अस्ताम उदिनढुङ्गा देखि ठुलो कुवाँ सडक ढलान वडा न. ६ | १५०८.०२ के जि | १४०७.३७ के जि | १००.६५ के जि | १२७.२६ | १२८०९ |
| ३६१ | लुम्रेको पुलदेखि स्वास्थ्यचौकी इमुसम्म सडक स्तरोन्नति वडा न९ | ७६२२.१६के जि | ७२८८ के जि | ३३४.१६ के जि | १२७.४४ | ४२५८५ |
| जम्मा | | | | | | ८५८५९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८५,८५९ |

४९ **सोलिङभन्दा वढी पिसिसि -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाको गो. भौ. न. १९०,२०७९।११।१७ मा बेशीटोल गोरेटो बाटो निर्माण वापत रु. २८८००० भुक्तानी गरेको देखिन्छ। सामान्यतया माटोको कार्यपश्चात सोलिङ नगरी पि सि सि को कार्य नहुने हुदा कामको सम्बन्धमा विश्वत हुने आधार देखिएन। १८६ वर्गमिटरमा सोलिङको काम गरेकोमा २०७.७ बर्गमिटरमा पिसिसि गरेको उल्लेख गरी १६.०५८ घनमिटरको भुक्तानी गरेको देखियो। सोलिङ अनुसार १२.९५ घनमिटरको मात्र भुक्तानी गर्नुपर्नेमा सोलिङ भन्दा २.१०८ घनमिटरको रु. ८६०३.३६ का दरले रकम रु. १८१३५ बढी भुक्तानी भएकोले सोलिङ भन्दा बढीमा पिसिसि गरेको खुल्ने प्राविधिक प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,१३५ |

५० **सोलिङ नगरी पिसिसिको काम -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। सामान्यतया माटोको कार्यपश्चात सोलिङ नगरी पि सि सि को कार्य नहुने हुदा कामको सम्बन्धमा विश्वत हुने आधार देखिएन। पालिकाको गो. भौ. न. ३१४,२०८०।०१।१७ मा वडा न ३ मा डस्विन होडिङबोट फोहोरमैला व्यवस्थापन वापत रु. ९६००० भुक्तानी गरेको देखिन्छ। सोलिङ नगरी १.२५ घनमिटर कामको पिसिसिको काम गरेको उल्लेख गरी प्रति घनमिटर रु. १०३३९.३७ का दरले रु.१२९२४ भुक्तानी भएकोले उक्त रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,९२४ |

५१ **उपभोक्ता समिति/ युवा क्वलमार्फत खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दीगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । पालिकाले देहायका विभिन्न भौ नं बाट उपभोक्ता समिति तथा युवा क्लवबाट बाजा, खेलकुद सामग्री लागायत विभिन्न सामाग्री खरिद गरी उपभोक्ता समिति तथा युवा क्लवलाई रु. ११९३१४४ भुक्तानी गरेको देखिन्छ। यसरी उपभोक्ता समितिमार्फत खरिद गरी भुक्तानी दिएको रकम अनियमित देखिएको रु.

| गो भौ नं / मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ३३।२०७९।६।११ | नौमती बाजा खरिद | सार्दिखोला नौमती बाजा सामाग्री खरिद | १४४६४० |
| १८५।२०७९।११।११ | वडा अध्यक्ष कप | युवा विकास तथा खेलकुद समन्वय समिति | ४००००० |

| | | | |
|---|---|---|---|
| १९३।२०७९।११।१७ | खेलकुद सामाग्री खरिद तथा खेल संचालन | न्यू जेनेरेशन युवा क्वल | १००००० |
| २०७।२०७९।११।२३ | खेलकुद संचालन | शहिद स्मृति कप वडा नं १ उ स | १४९००० |
| २७१।२०७९।१२।२८ | भाडाकुँडा खरिद | नुवागाँउ आमा समुह | ५०००० |
| ३१६।२०८०।१।१७ | बोका खरिद | लाहाचोक कोत मौला देउराली पुजा तथा गुठी संचालक समिति | ५०००० |
| ३७८।२०८०।२।१४ | रंगरोगन सामाग्री खरिद | नुवाँगाँउ आमा समुह | ५०००० |
| ३८७।२०८०।२।१८ | पंचे बाजा खरिद | वडा नं ६ बाजा खरिद | ९९८७४ |
| ४११।२०८०।२।२९ | तालिम सामाग्री खरिद | महिला संजाल वडा नं ८ | ९९६३० |
| ४०३।२०८०।२।७ | फर्निचर खरिद | गुँरासेभुमी आमा समुह | ५०००० |
| जम्मा | | | ११९३१४४ |

| | |
|---|---|
| अनियमित भएको | ११,९३,१४४ |

५२ **मु.अ.कर कट्टी नगरेको -** मूल्य अभिवृद्धि कर ऐन २०५५ तथा मूल्य अभिवृद्धि कर नियमावली २०५३ मा भएको संसोधित व्यवस्था तथा आर्थिक विधेयक २०७९ अनुसार विभिन्न व्यवसायी आपूर्तिकर्ता ठेक्का तथा सम्झौता गरी मू अ कर रकम भुक्तानी गर्दा सो को ३० प्रतिशत मूल्य अभिवृद्धि कर रकम कट्टी गरी उक्त रकम कार्यालयले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न गोश्वारा भौचर र मितिबाट मूल्य अभिवृद्धि कर भुक्तानी गर्दा सो नियम विपरीत पुरै रकम भुक्तानी गरेकोले कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु

| गो.भौ.नं./मिति | फर्मको नाम | विवरण | बिल रकम | १३% कर | ३०% मु अ कर |
|---|---|---|---|---|---|
| १८६/२०८०।२।२९ | आदर्श अपसेट | पुस्तिका छपाई | २३९७८६ | २७५८६ | ८२७६ |
| १९०/२०८०।२।३० | जेनिशा स्टिल एण्ड मेटल उद्योग | ह्याचरी मेशिन खरिद | १०००००० | ११५०४ | ३५५१ |
| २८५/२०८०।३।२३ | सृष्टी छापाखाना उद्योग | छपाई | २७१२०० | ३१२०० | ९३६० |
| जम्मा | | | | | २११८७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,१८७ |

५.३ **प्रधानमन्त्री रोजगार -** स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुति गराउन एवम् सामुदायिक पुर्वाधारको स्थानीय मार्फत नागरीकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगार तथ्याङ्क अध्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा पालिकाले बेरोजगार तथ्याङ्क अद्यावधिक गरेको छैन। यस कार्यक्रम अन्तर्गत विभिन्न वडाहरुमा सडक नाला सरसफाई, झारपात निकाल्ने जस्ता कार्य गरी यो बर्ष १८० सूचीकृत भएका मध्ये ३० जना छनौट गरी रु १६२८६२० खर्च लेखेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भएतापनि दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन। स्थानीय तहमा भौतिक पूर्वाधारको विकासमा टेवा पुर्याउने उल्लेख गरेतापनि भौतिक पुर्वाधार सम्बन्धी सडक तथा नाला निर्माण गर्ने पदमार्ग निर्माण गर्ने सडक नालीमा टेवा पर्खाल लगाउने जस्ता कार्य गर्नु तथा गराउनुपर्नेमा पालिकाले पालिका अन्तरालका विभिन्न वडामा सडकको झारपात निकाल्ने नाली सफा गर्ने जस्ता काममा मात्र लेन्थ मेनको कार्य गराई खर्च गरेको छ।पूर्वाधार सम्बन्धी दीगो कार्य नगरी देहाय अनुसारका सडकमा झारपात निकाल्ने नाली सफा गर्ने जस्ता कार्यमा जनशक्ति लगाई खर्च गरेको छ। पालिकाले यस्ता कार्यक्रम भन्दा टिकाउ हुने, सडक मर्मत नाली निर्माण तथा मर्मत पदमार्ग निर्माण जस्ता कार्यमा खर्च गर्नुपर्दछ। यो वर्ष गरेका कार्यक्रम र खर्चको अवस्था निम्नानुसार रहेका छन :-

| **वडा नं.** | **योजनाको नाम** | **लागत** | **खर्च** |
|---|---|---|---|
| १ | रिदी कुलोदेखि कुल्ले सम्म सडक सरसफाई | ११०३४६।११ | ११०२४५ |
| १ | राम्चे मुल सडक सरसफाई | ११७९८०।१८ | ११७६९६ |
| १ | भित्री सडक सरसफाई तथा मर्मत | ७६४८५।६० | ७५८७५ |
| २ | खादरजुङ खैमरेङ घले खर्क बाटो | १६५८२६।९३ | १६५०९५ |
| २ | कोलचोक देखि चौखाटो सरसफाई | ७६७५६।०१ | ७५९६० |
| ३ | घाचोक मूल सिँचाई कुलो सरसफाई | १३०४५४।४२ | १२९७७१ |

| | | | |
|---|---|---|---|
| ३ | चनौटे खोला सिँचाई कुलो सरसफाई | ३४५७३।७५ | ३४२३९ |
| ३ | पाचोक भित्रका बाटो सरसफाई | १६७४७९।७७ | १६७२२५ |
| ४ | लाहाचोक मूल सडक सरसफाई | ६३३७०।९६ | ६३२७३ |
| ४ | लाहाचोक भित्रका भित्री बाटो सरसफाई | १०१६९६।२३ | १०१३०६ |
| ४ | उपल्लो लस्ती सिँचाई कुलो सडक नाला मर्मत | ६३९५६।८२ | ६३२७३ |
| ६ | डाँडागाउँ नुँवागाउँ पोखरी डाँडा सडक | १४९३४७।९२ | १४८५८२ |
| ६ | धितालगाउँ भित्रका गोरेटो बाटो सरसफाई | ३२१०५।६० | ३१६०० |
| ६ | गुवेली गोठदेखि भेडाबारी बाटो सरसफाई | ४७९१६।६६ | ७४५३५ |
| ६ | हेम्जा भेडाबारी मुलबाटो सरसफाई | ८९३०१।६० | ८८५४३ |
| ७ | घट्टे खोला देखि खानीगाउँ सम्म सडक खण्डको नाला सरसफाई | ९००६० | ८८४८० |
| ७ | धम्पुस ग्रामिण बाटो सरसफाई | ९३८४३।४७ | ९२९२२ |
| जम्मा | | | १६२८६२० |

५४ **न्यून विजकिकरण -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको विल भरपाई सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न काम उपभोक्ता समिति मार्फत गराएकोमा खर्चको विल परीक्षण गर्दा जिल्ला दररेट भन्दा ज्यादै न्यून मात्रामा विजक पेश गरेको देखियो । जिल्ला दररेटमा ओ. पि. सि. सिमेन्टको प्रति बोरा रु. ६९७.५ (भ्याट वाहेक) र पि. पि. सि. सिमेन्टको प्रति बोरा रु. ६०७.५ (भ्याट बाहेक) रहेकोमा पालिकाले देहायका उपभोक्तालाई सोही दरमा मुल्य अभिवृद्धि कर सहित भुक्तानी दिएको र उपभोक्ता समितिले न्युन दरको विजक पेश गरेकाले मुल्य अभिवृद्धि कर सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| **गो भौ न। मिति** | **उपभोक्ता समिति** | **मुल्याङ्कन वमोजिम** | **उपभोक्ता समितले पेश गरेको विजकमा मु.अ. कर** | **फरक मु.अ.कर** |
|---|---|---|---|---|

| | | को भुक्तानी मु.अ. कर | | |
|---|---|---|---|---|
| ५७,२०७९।०९।०३ | भराभरी बाटो ढलान योजना उ स | २०६५४ | १६५५८ | ४०९६ |
| १०४,२०७९।१०।०९ | छिवाङ मिर्सा मोटरबाटो स्तरोन्नति | २६१९५ | २३५७६ | २६१९ |
| ११६,२०७९।१०।१० | बौद्ध तामाङ समाज भवन निर्माण | १३१६३ | १००४३ | ३१२० |
| जम्मा | | | | ९८३५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,८३५ |

५५ **कार्यसम्पन्न प्रतिवेदन वेगर भक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न गरीसकेपछि सार्वजनिक निकायको प्राविधिक कर्मचारीले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट पेश भएको कुल खर्चको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाईन, लागत अनुमान, सुपरीवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ती तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ। तपशिल बमोजिमका निर्माण कार्य प्राविधिक लागत अनुमान तयार नगरी निर्माण कार्य शुरु भएको र अन्तिम भुक्तानीको खर्च लेख्दा अन्तिम मुल्याङ्कन, नापी संलग्न भएको छैन। प्राविधिक लागत अनुमान तयार नगरी निर्माण कार्य गर्नुका साथै अन्तिम मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन संलग्न नभएबाट निर्माण कार्य सम्पन्न भएको हो वा होईन एकिन गर्न सकिएन। यस सम्बन्धमा निर्माण कार्य सम्बन्धी प्राविधिक मुल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु.

| **भौ न** | **कामको विवरण** | **भुक्तानी भएको निकाय** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १८ | वडा न २ मा सडक मर्मत तथा नाला सफा गर्ने | उपभोक्ता समिति | ५७५१२ |
| २११ | ग्राउण्ड सम्याउने काम | विभिन्न व्यक्ति | २६८६० |
| | जम्मा | | ८४३७२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८४,३७२ |

५६ **कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएको -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दीगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा

उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार रु ६०५७६० खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दीगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको रु.

| **भौ नं. मिति** | **कामको विवरण** | **उपभोक्ता समिति** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ४२८,२०८०।०२।१४ | वडा ७ को कार्यालय भवनमा रुम पार्टिसन | कार्यालय भवनमा रुम पार्टिसन वडा न ७ उपभोक्ता समिति | २२१७६० |
| ४५०,२०८०।०२।२५ | वडा कार्यलय भवन मर्मत वडा न ६ | वडा कार्यालय भवन मर्मत वडा ६ को उ स | १९२००० |
| ५३२,२०८०।०३।१८ | वडा कार्यालय भवन रुम पार्टिसन वडा न ७ | वडा कार्यालय भवन रुम पार्टिसन वडा न ७ उ स | १९२००० |
| जम्मा | | | ६०५७६० |

| | |
|---|---|
| अनियमित भएको | ६,०५,७६० |

५७ **ग्याविन जाली खपत वेगर ग्याविन जालीमा ढुङ्गा भर्ने कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा मालसामान स्थलगत रुपमा उपलव्ध हुने वा नहुने अध्ययन गरी दररेट निर्धारण समितिले तोकेको दरमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ ।पालिकाले उपभोक्ता समितिबाट काम गराई भुक्तानी भएका केही खर्च सम्बन्धी भौचर र फाँटवारी परीक्षण गर्दा तपशिल बमोजिमका योजनामा मुल्याङ्कन भएको काम अनुसार उपभोक्ता समितिले निर्माण सामाग्री खरिद गरी प्रयोग गरेको पुष्टी गर्ने विल भरपाई तथा खर्च प्रमाणित गर्ने कागजात संलग्न भएको छैन। यस सम्बन्धमा अन्तिम मुल्याङ्कन बमोजिम कार्यसम्पादन भए वा नभएको एकिन हुने गरी प्राविधिक नापजाँच गरी खर्चलाई पुष्टी गर्ने विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. २९०३७६

| **भौ न** | **निर्माण योजना** | **कामको विवरण** | **मुल्याङ्कन परिमाण** | **उ स विल भपाई** | **फरक परिमाण** | **दर** | **रकम** |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | चोरखोल्सा मोटरबाटो मर्मत समिति | ग्याविन जालीमा ढुङ्गा भर्ने | ८६ घमि | २६ घमि | ६० घमि | २५६४ | १५३८४० |
| १०२ | घटेखोला देखि खानीगाउँ सडक उस | ग्याविन जालीमा ढुङ्गा भर्ने | १३ घमि | विल नभएको | १३ घमि | ३८४२ | ४९९४८ |
| ३३४ | भलखाल्टा जोगिडाँडा मोटरबाटो विस्तार | ग्याविन जाली खरिद र ढुङ्गा भर्ने | ८ घमि | ३ घमि | ५ घमि | ५७८३ | २८९१५ |
| ४१४ | पुच्छर पाटन सिचाई कुलो मर्मत | ग्याविन जाली खरिद र ढुङ्गा भर्ने | १२ घमि | १० घमि | २ घमि | ५०७६.६५ | १०१५३ |
| ४७४ | चौर सिँचाई कुलो मुहान मर्मत योजना वडा २ | ग्याविन जालीमा ढुङ्गा भर्ने | १६ घमि | ० | १६ घमि | २९७० | ४७५२० |
| जम्मा | | | | | | | २९०३७६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९०,३७६ |

५८ **परामर्श सेवा खरिद -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र वढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले दक्षता आवश्यक पर्ने कार्यमा मात्र परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै पालिकामा प्राविधिक जनशक्ति रहेको अवस्थामा पालिकाकै कर्मचारीबाट परामर्श सम्वन्धी कार्य गर्नुपर्ने व्यवस्था छ। पालिकाले पालिकाभित्रै प्राविधिक जनशक्ती रहेको अवस्थामा वाह्य परामर्शदाताबाट सेवा खरिद गर्नु मनाशिव मान्न सकिदैन। यो वर्ष पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गरी रु २१४१८९१ खर्च लेखेको छ।

| **भौ नं** | **विवरण** | **परामर्श दाता** | **रकम** |
|---|---|---|---|
| १६९।२०७९।१०।१९ | सामाजिक तथा सार्वजनिक परीक्षण | स्कोलर नेपाल प्रा ली | २९६०६० |
| १७०।२०७९।१०।१९ | सेवा र परामर्श खरिद | आर एन इन्फ्रास्ट्रक्चर्स एण्ड कन्सल्टेन्ट प्रा ली | ४४९७४० |

| | | | |
|---|---|---|---|
| ४७८।२०८०।३।१७ | खानेपानी आयोजना | आँधिखोला इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्सट्रक्सन प्रा ली | ४९७९०० |
| ४७९।२०८०।३।१७ | घर जग्गा वर्गिकरण कार्यक्रम | घरजग्गा इन्जिनियरिङ कन्सल्टेन्सी/ हाइ राइज इन्जिनियरिङ कन्सल्टेन्सी/ सुनाखरी रिसर्च कन्सल्ट प्रा ली | ८९८१९१ |
| जम्मा | | | २१४१८९१ |

**सोझै खरिद कार्य:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० र ७२ मा २० लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र बीस लाख रुपैया भन्दा बढीको लागत अनुमान भएका परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई आसय पत्र माग गर्नु पर्ने उल्लेख छ । विभिन्न कार्यको लागि एउटै प्याकेज बनाई प्रतिस्पर्धा गराउन सक्ने अवस्था रहेतापनि सोझै खरिद कार्य गरेको उचित मान्न सकिदैन।

५९ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिकाले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये अधिकांश कार्य मोटरबाटो निर्माण गर्ने, स्तरोन्नती गर्ने, रिटेनिगं वाल लगाउने, खेलमैदान निर्माण, भवनहरु निर्माण आदि कार्यसंग सम्वन्धित रहेका छन् । प्राय सबैजसो कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखिछ। धेरैजसो निर्माण कार्यहरु उपभोक्ता वा लाभग्राही समुदाय आफुले नगरी तेश्रो पक्षबाट कार्य गराएको देखियो। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतीसँग सम्बन्धित योजनांका उपभोक्ता समितिहरुले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ। केहि व्यहोरा:

| **भौ न** | **निर्माण योजना** | **मेसिन प्रयोग** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १३ | वडा ५ को सडक सरसफाई | सरस्वती निर्माण सेवा | १९२००० |
| ९३ | वडा न १ को भित्री मोटरबाटो उ स | रेजु कन्सट्रक्सन।लम्साल एण्ड ब्रदर्श कन्सट्रक्सन प्रा लि | २४९६०० |

| | | | |
|---|---|---|---|
| १०२ | घट्टेखोला देखि खानीगाउँ सम्म शाखा बाटो मर्मत | पर्वत माला कन्स्ट्रक्सन प्रा लि | २७८४०० |
| १२० | कुइवाङ ठाडो खोला देखि सानो न्याउली हुदै जाने मोटरबाटो | रक एण्ड सोइल कन्स्ट्रक्सन प्रा लि | १९२००० |
| १३८ | वडा ९ भित्रको मोटरबाटो मर्मत उ स | त्रिपाठी ब्रदर्श कन्स्ट्रक्सन प्रा लि | २६८८०० |
| १९९ | वडा न. ६ अन्तर्गतका सडक मर्मत उ स | जनमत कन्स्ट्रक्सन र रक एण्ड सोइल कन्स्ट्रक्सन प्रा लि | २७८४०० |
| २०४ | कोलवारी घडेरी निवाले सडक निर्माण | भक्त गौरी निर्माण प्रा लि | २८८००० |
| ३१६ | संघर्षचोक देखि उसिम्रो चादे गैर्हो सम्म नया ट्र्याक खन्ने | पर्वतमाला कनस्ट्रक्सन प्रा लि | २००९०५ |
| ५०५ | वडा न ८ मा रहेका बाढी पहिरोबाट विग्रिएका र मर्मत उ स | जनमत कन्स्ट्रक्सन प्रा लि | १०४६४० |
| जम्मा | | | २०५२७४५ |

६० **नापी भन्दा बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद संझौता अनुसार सार्वजनिक निकायले बील वा बिजकको भुक्तानी गर्दा शर्त बमोजिम प्राविधिक नाँपजाच गरी भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ। पालिकाले देहायको योजनाहरुमा नापी भन्दा बढी परिमाणमा भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम रु. ३५३७० सम्बन्धितबाट असुल गर्नुपर्ने रु. ३५३७०

| भौ.न. | योजनाको नाम | कामको विवरण | भुक्तानी परिमाण | हुनुपर्ने परिमाण | भुक्तानी दर | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| ३८२ | सल्लेदेखि ह्यामुसम्मको मोटरबाटो स्तरोन्नति | Stone Masonry 1:4 | १४.२८ घमि | १२.८८ घमि | ९८२७.५१ | १३७५८ |
| ४४० | पुन समाज भवन दोस्रोतला निर्माण वडा १ | १२.५मिमि प्लाष्टार | २३७.७५ वमि | १३३७.२५ | ३५४.४५ | ५५८२ |
| | | डवलकोट प्राइमर | २३७.७५ वमि | १३३७.२५ | ३१९.८५ | ५०३८ |
| ५०७ | महागुरु गुफा धार्मिक पर्यटकीय क्षेत्र प्रर्वद्धन | १२.५मिमि प्लाष्टार | १३३.६० वमि | ११४.८ वमि | ३७४.९८ | ७०५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वानकोट प्राइमर | १५८.८ वमि | १४० वमि | २०९.७२ | ३९४२ |
| जम्मा | | | | | | ३५३७० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,३७० |

६१ **प्राइमकोटमा बढी भुक्तानी -** भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टण्डर्ड स्पेशिफिकेशन २०७३ को टेवल नं १३.९ मा प्राइमकोट प्रति बर्ग मिटर ०.०६ देखि ०९० लिटर सम्म छर्ने मिल्ने उल्लेख गरेको छ। पालिकाले निर्माण व्यवसायीसँग देहायका योजनामा सडक विभागको स्पेशिफिकेशन भन्दा बढी १ लिटरका दरले प्राइमकोट छर्की भुक्तानी दिएकोले बढी भुक्तानी रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| भौ.न. | योजनाको नाम | भुक्तानी परिमाण | हुनुपर्ने परिमाण | फरक परिमाण | भुक्तानी दर | भुक्तानी दर |
|---|---|---|---|---|---|---|
| ३३९, २०८०।०१।१० | गा.पा. केन्द्र जोगीचौर रिभान खहरा सडक निर्माण | ७०४२.४ लि | ६३३८.१६ लि | ७०३.५४ | १०५ | ७३८७२ |
| ३४१, २०८०।०१।१० | टाँस मिटरचोक वडा कार्यालय हुदै डाँडो सम्मको बाटो हिमालिचोक सडक कालोपत्रे ( माछापुच्छ्रे गाउँपालिका योजना | ३५७४.७४ लि | ३२१७.२६ लि | ३५७.४८ | १३५ | ४८२६० |
| जम्मा | | | | | | १२२१३२ |
| मुल्य अभिबृद्धि कर | | | | | | १५८७७ |
| कुल जम्मा | | | | | | १३८००९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३८,००९ |

## ६२ ठेक्का अभिलेख

**(क)** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी विवरण राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरीने ठेक्का सम्बन्धी

अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक राखुपर्दछ।

**(ख)**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ (७) बमोजिम बार्षिक कार्यक्रम तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउदा कार्यान्वयन गरीने आयोजना वा कार्यक्रमको पूर्वतयारी अवस्था खरिद विधि छनौट प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन लागत अनुमान तयार गर्ने तथा बोलपत्र आवहान गर्ने जस्ता कार्य प्रथम चौमासिक अवधिभित्र संम्पन्न गर्नुपर्ने व्यवस्था छ। यो वर्ष गरेका ठेक्का अवस्था निम्न अनुसार रहेका छनः

| निर्माण योजना | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रकम | सम्झौता मिति | ठेक्का संम्पन्न गर्नुपर्ने अवधी | हालसम्म को भुक्तानी | म्याद थप |
|---|---|---|---|---|---|---|---|
| कोलचोक-रातोपानी पुल-भलावोट-पानपाते चौतारी-गाउँपालिका केन्द्र (लाहाचोक)-जोगिचौर-पातिखोला-भिडाबारी (एन्फा टेक्निकल सेन्टर)- | ज्वाला निर्माण सेवा, पोखरा २६ कास्की | १५४५७२७६।९३ | १४४००६७१।९६ | २०७९।११।१८ | २०८०।०३।२० | ११०२९३६१.५ | २०८०/०९/२० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गैरागाउँ-धिताल-धम्पुस देउराली सडक(संघीय समपुरक) | | | | | | | |
| गापा केन्द्र जोगिचौर रिभान खहरे सडक निर्माण कार्य | आई डी कन्स्ट्रक्सन, | ३८५७२०२०।६५ | २४२८७१५।७३ | २०७८।११।०५ | २०७९।१२।३० | २३२८००८९ | |
| लुम्रे कुइवाङ सैंतीघट्टा सिधिङ कालिमाटी घलेल हुँदै लुम्रे सडक योजना (प्रदेश समपुरक) | प्रयास एंड प्रसिद्ध कन्स्ट्रक्सन, मध्यनेपाल ०७ लम्जुंग | ९६६१०३०।९७ | ७७४१०७५।४७ | २०७९।११।१४ | २०८०।०३।२० | ५५७२७४६।८३ | २०८०।०९।२० |
| टाँस मिटरचोक वडा कार्यालय हुदै डाँडो सम्मको बाटो | जे डी एस कन्स्ट्रक्सन, माछापुच्छ्रे ०२कास्की | ३८७०२३१।७५ | ३५५९३१७।६५ | २०७९।११।१० | २०८०।०२।३० | ३५५९०५६।१० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| हिमालि चोक सडक कालोपत्रे ( माछापुच्छ्रे गाउँपालिका योजना ) | | | | | | | |
| सार्दीखोला खानेपानी योजना (संघ बिशेष ) | जे डी एस कन्स्ट्रक्सन, माछापुच्छ्रे ०२कास्की | ४७१४७१९।०५ | ४२००८१७।५६ | २०८०।०२।०३ | २०८०।०३।२० | २२७७४०९ .०० | २०८०।०९।२० |
| ल्वांग खोराको मुख खानेपानी योजना (संघ बिशेष ) | प्रकट एण्ड प्रकृति निर्माण एंड सप्लायर कम्पनी | ४७९९६७८।९८ | ४६३७०३०।४५ | २०८०।०२।०२ | २०८०।०३।२० | २८६५६५।३८ | २०८०।०९।२० |
| नयाँ पुल इदिखोला खानेपानी योजना (प्रदेश बिशेष ) | प्रकट एण्ड प्रकृति निर्माण एंड सप्लायर कम्पनी लिमिटेड | ४८०१११७।७८ | ९६२०८८।७१ | २०८०।०२।०२ | २०८०।०३।२० | ९६२०८८।७१ | २०८०।०९।२० |
| गाउँपालिकाको प्रशासकीय भवन | नयाँबाटो/जी.एस. इन्जिनियरिङ्ग जे.भी | १०१५३७२४८।५३ | ७२६२८१८०।५ | २०७७।०५।०१ | २०८०।०३।२४ | ३६५८२६०।१४ | २०८०।०९।२४ |

पालिकाले यो बर्ष दोश्रो चौमासिक अवधिमा लागत अनुमान रु २८९८८५४० भएको कामको लागि रु २५७०१०६५ मा ३ वटा ठेक्का र लागत अनुमान रु १४३१५५१६ भएको कामको लागि रु १३७९९९३६ मा ठेक्का व्यवस्थापन समेत गरी लागत अनुमान रु ४३९०४०५६ को कामको रु ३९५०१००१ मा ठेक्का व्यवस्थापन गरेको देखियो। प्रथम चौमासिक अवधिमा ठेक्का व्यवस्थापन नभएको दोश्रो चौमासिक अवधिमा ३ वटा ठेक्का व्यवस्थापन भएको र तेश्रो चौमासिक अवधिमा ३ वटा ठेक्का व्यवस्थापन भएको देखियो भने ३ वटा ठेक्का असार महिनामा मात्र व्यवस्थापन गरेको छ। यसरी समयमै ठेक्का व्यवस्थापन नहुँदा कामको तोकिएको गुणस्तर कायम राख्न नसकिने, बर्षातका कारणले गर्दा योजना अनुगमन गर्न कठिनाई पर्न सक्ने, तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकिने जस्ता अवस्था सिर्जना हुने देखिन्छ। तसर्थ पालिकाले नियमावलीले उल्लेख गरे अनुसारनै समयमा ठेक्का व्यवस्थापन गर्ने तर्फ पहल गर्नुपर्ने देखिन्छ।

आ व २०७७।७८ मा संचालन भएको एउटा आयोजना र २०७८।७९ मा संचालन भएको एउटा ठेक्का र आ व २०७८।७९ को योजना सम्पन्न भैसकेको र आ व २०७७।७८ मा संचालन भएको एउटा ठेक्का लेखापरीक्षण अवधि २०८०।१०।१५ सम्म पनि सम्पन्न भएको देखिएन। उक्त ठेेक्का यथासिघ्र सम्पन्न गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

६३ **प्रिमिक्स कार्पेट -** सडक विभागवाट जारी भएको स्टयान्डर्ड स्पेसीफिकेशन अफ रोड एण्ड ब्रिज २०७३ (दोस्रो संशोधन २०७८) को १३१० खण्डमा ओपन तथा क्लोज ग्रेड प्रिमिक्स कार्पेटको मोटाई २०mm हुने उल्लेख छ। पालिकाले ठेक्का न. 02/NCB/MRM/WORKS/078-79 गाँउपालिका केन्द्र जोगीचौर रिभान खहरा सडक निर्माण कार्यको निर्माण व्यवसायी आई डि कन्स्ट्रक्सनको गो. भौ. न. ३३९,२०८०।०१।१० मा अन्तिम विल वापत रु. ७६५१३३८ भुक्तानी भएको देखिन्छ। प्रिमिक्स कार्पेटको स्पेसीफिकेशनमा उल्लेख गरे बमोजिम ७०४२.४ वर्गमिटर क्षेत्रमा १४०.८४ घनमिटरको भुक्तानी दिनुपर्नेमा २०.५mm देखि ३०mm सम्मको मोटाईको १८३.९१ घनमिटरको भुक्तानी गरेको देखिन्छ। यसरी स्टयान्डर्ड स्पेसीफिकेशनमा तोके भन्दा बढी कार्य गर्ने गरी डिजाइन तथा भुक्तानी गरेको ४३.०६ घ मि को प्रति घनमिटर रु. १०५००।०० का दरले मुल्य अभिबृद्धिकर समेत रु. ५१०९०७ भुक्तानी भएको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,१०,९०७ |

६४ **बिल भन्दा बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद संझौता अनुसार सार्वजनिक निकायले बील वा बिजकको भुक्तानी गर्दा शर्त बमोजिम प्राविधिक नाँपजाच गरी भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ। पालिकाले भौ न. ५४६,२०८०।०३।२० बाट डाक्टर हर्क चन्द्र स्मृति लालीगुराँस इको पार्क स्तरोन्नति उपभोक्ता समितिको मुल्याङ्कन रु.१०४२८२१ विल रकम मा रु. १०४४६१९ भुक्तानी दिएको देखिन्छ। यसरी विल रकम भन्दा रु. १८७० बढी भुक्तानी भएको असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८७० |

६५ **अग्रिम कर कट्टी नगरेको -** आयकर ऐन, २०५८ को दफा ८९ (३क) मा उपभोक्ता समितिमार्फत काम गराउने गरी गरिएको ५० लाख भन्दा बढीको भुक्तानी रकममा १.५ प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिमार्फत गरीएका देहायअनुसारका रु ५० लाख भन्दा बढीको भुक्तानीमा अग्रिम कर कट्टी नियमानुसार गरी भुक्तानी गर्नुपर्नेमा कम कट्टी गरेकाले नपुग कर सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| **ब.उ.शि.न.** | **उपभोक्ता समितिको नाम** | **कुल भुक्तानी रकम** | **कट्टी गर्नुपर्ने कर रकम** | **कट्टी गरेको कर रकम** | **नपुग कर** |
|---|---|---|---|---|---|
| ३६१, २०८०।०१।१९ | लुम्रेको पुल देखि स्वास्थ्यचौकी इमुसम्म सडक स्तरोन्नति वडा न ९उ.स. | ५२९८६२२ | ७९४७९ | ६६१४४ | १३३३५ |
| | | | | असुल गर्नुपर्ने | १३,३३५ |

६६ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । पालिकाले पालिका केन्द्र तथा वडाहरुमा फोहर व्यवस्थापनका लागि विभिन्न उपभोक्ता समिति तथा संस्थासंग सम्झौता गरेर रकम भुक्तानी भएको देखियो। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गिकरण गरी उपयुक्त व्यवस्थापन गर्ने गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।उदाहरणका लागि भौचर नं ४९०।२०८०।३।१८ बाट नयाँ चौतारी फोहर व्यवस्थापन समितिलाई रु १४४००० भुक्तानी भएको देखियो।

६७ **अनुगमन भत्ता -** अनुगमन भत्ता सार्वजनिक निकायले खर्च गर्दा मितव्ययी किसिमले गर्नुपर्दछ। पालिकाले विभिन्न पदाधिकारी तथा कर्मचारीलाई विभिन्न स्वास्थ्य सम्बन्धी कार्यक्रममा अनुगमन भत्ता वितरण गरेको देखिन्छ। योजना अनुगमन गर्न पालिकाको उपाध्यक्षको नेतृत्वमा छुट्टै अनुगमन समिति हुने र सो समिति मार्फत अनुगमन मुल्याङ्कन गर्नुपर्नेमा विभिन्न कर्मचारीहरुलाई अनुगमन भत्ता उपलब्ध गराएको देखिन्छ। नमुना परीक्षणको आधारमा केही कार्यक्रममा कर्मचारीलाई अनुगमन भत्ता उपलब्ध गराउने आधार प्रमाण भएकोले उक्त खर्चलाई नियमित मान्न सकिएन रु

| **गो.भौ.नं./मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| १२३/२०७९।१२।२६ | कोभिड १९ अभिमुखीकरण अनुगमन ५ जना | ९००० |

| | | |
|---|---|---|
| १३५/२०७९।१२।२६ | स्वास्थ्य सम्बन्धी ११ जना कर्मचारी | २८८०० |
| १६७/२०८०।१।२५ | किशोरकिशोरी प्रजनन स्वास्थ्य कार्यक्रम ६ जना | १०००० |
| १६८/२०८०।१।२५ | पोषण कार्यक्रम ५ जना | १०००० |
| १६९/२०८०।१।२५ | कोभिड खोप अभियान ७ जना | २७००० |
| १७७/२०८०।२।७ | भिटामिन ए कार्यक्रम ८ जना | ३६००० |
| १७८/२०८०।२।७ | पुर्णखोप सुनिश्चितता तथा दीगोपना घोषणा ७ जना | ३५००० |
| २०६/२०८०।३।३२ | पालिका स्तरमा स्वास्थ्य संख्याहरुको बैठक ७ जना | २३२०० |
| जम्मा | | १७९००० |

| | |
|---|---|
| अनियमित भएको | १,७९,००० |

६८ **मापदण्ड विपरीत बैठक भत्ता -** बैठक बस्दा कार्यालय समय भन्दा अगावै तथा पछाडि बैठक बस्नुपर्ने व्यवस्था छ साथै एउटै निकायको पदाधिकारी तथा कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था छ।पालिकाले कानुनद्धारा स्थापित नभएका विभिन्न समितिको बैठकको समय नखुलाई बसेको बैठक तथा पालिकाको पदाधिकारी र कर्मचारी मात्र बसेको बैठकमा बैठक भत्ता भुक्तानी गर्नु मापदण्ड विपरीत हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। यसरी मापदण्ड विपरीत भत्ता उपलब्ध गराउनु उपयुक्त मान्न सकिएन।यस्तो खर्चलाई नियमित मान्न सकिएन रु

| **गो.भौ.नं./ मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| १५१/२०८०।१।६ | आधारभुत तह संचालन तथा व्यवस्थापन ७ जना कर्मचारीलाई वितरण | २७००० |
| ११९/२०७९।११।८ | स्यानीटरी प्याड खरिद बैठक भत्ता | १०००० |
| १७७/२०८०।२।७ | भिटामिन ए कार्यक्रम ८ जना | ३६००० |
| १७८/२०८०।२।७ | पूर्ण खोप सुनिश्चितता तथा दीगोपना | ३४००० |
| २५१/२०८०।३।१९ | सामाजिक सुरक्षा तथा घटना दर्ता बैठक | ९००० |
| २२१/२०८०।३।५ | तरकारी पकेट कार्यक्रम | ५०००० |
| जम्मा | | १६६००० |

| | |
|---|---|
| अनियमित भएको | १,६६,००० |

६९ **पदाधिकारी सुविधा**

*........... (प्रारम्भिक प्रतिवेदन उपर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु.३०,६०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७० **पाठ्यपुस्तक वितरण**

*........... (प्रारम्भिक प्रतिवेदन उपर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु.२२,५८५ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७१ **निजी श्रोतका शिक्षकलाई अनुदान -** पालिकाले यस वर्ष पालिकाभित्रका विभिन्न विद्यालयहरुमा निजी श्रोतका शिक्षकहरुद्वारा विद्यालयमा पठनपाठन गर्नका लागि कार्यविधि वेगर तथा शिक्षाको गुणस्तरको आँकलन नगरी शिक्षकहरुको तलब बजेटमा व्यवस्था गरी भुक्तानी गरेको देखियो।प्रस्तावित विद्यालयका लागि समेत गाँउपालिका तथा वडाहरुबाट समेत वजेट व्यवस्था गरी भुक्तानी गर्ने गरेको पाइयो। प्रस्तावित माध्यामिक विद्यायलयको लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा अन्य सम्बन्धित निकायमा पहल गरी माध्यामिक विद्यालयको दरबन्दी स्वीकृत गरी स्थायी शिक्षक नियुक्ती गरी तलब खर्च लेखुपर्नेमा पालिकाले आन्तरिक स्रोतको समेत ख्याल नगरी वडाबाट बजेट विनियोजन गरी माध्यामिक विद्यालय संचालन गर्ने नाममा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको परामर्श र विद्यालय संचालन गर्ने स्वीकृति वेगर अनुदान निकासा गरीएको नियम सम्मत नदेखिएको रु.

| **गो भौ नं।मिति** | **विद्यालयको नाम** | **विवरण** | **रकम** |
|---|---|---|---|
| ३५।२०७९।६।११ | विभिन्न ९ वटा विद्यालय | वडा नं १,३,५,८ र ९ का शिक्षक | ७७५४५२ |
| १५६।२०७९।१०।१८ | विभिन्न वडाका विद्यालय | वडा नं १,३,५,७ र ९ | १०३१९२४ |
| २८९।२०८०।१।६ | विभिन्न वडाका विद्यालय | वडा नं १,२,३,५,७, ८ र ९ | ११४३९२४ |
| ३८५।२०८०।२।१७ | जन जागरण आधारभूत सामुदायिक विद्यालय र | वडा नं ४ र ६ | २५०००० |

| | | | |
|---|---|---|---|
| | जनकल्याण आधारभूत विद्यालय | | |
| ४५९।२०८०।३।१२ | विभिन्न वडाका विद्यालय | वडा नं १,२,४,५,६,७ र ९ | ८८४९१९ |
| ८९।२०८०।१।७ | विभिन्न वडाका विद्यालय | वडा नं २, ५ र ८ | ८०८६७५ |
| १०९।२०८०।३।१२ | वडा शिक्षक अनुदान | वडा नं २,५ र ८ | ४३३९२४ |
| जम्मा | | | ५३२८८१८ |
| | | अनियमित भएको | ५३,२८,८१८ |

७२ **स्यानीटरी प्याड खरिद -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नम्बर २.७.१३.३ बमोजिम कक्षा ६ देखि १२ कक्षा सम्मका छात्राहरुलाई निःशुल्क वार्षिक १० महिनाको लागि सेनेटरी प्याड वितरण गर्ने व्यवस्था रहेको छ। सामुदायिक विद्यालयका छात्राहरुलाई १५९३६ थान निःशुल्क स्यानिटरी प्याड वितरण गर्न रु ६०४०५२ खर्च लेखेको छ। स्पेशिफिकेसन नखुलाई माग गरेको तथा छात्राहरुको स्वास्थ्य तथा सरसफाईसँग जोडिएको खरिद कार्य आर्थिक वर्षको शुरु अवस्थामै वितरणको व्यवस्था मिलाउनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा खरिद गरेको छ। विद्यार्थी संख्या विद्यालयसँग माग गरी सोही संख्याको आधारमा खरिद गर्नुपर्नेमा सो गरेको देखिएन। पालिकाले स्यानिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने तोकिए अनुसार वितरण भए नभएको अभिलेख व्यवस्थित राखे नराखेको अनुगमन गर्ने र सेनिटरी प्याड वितरण कार्यविधि २०७६ अनुसार चौमासिक विवरण सामाजिक विकास मन्त्रालय पठाउनुपर्नेमा पठाएको देखिएन।

७३ **कृषि अनुदान -** सरकारी अनुदान रकमको वितरण सही तथा समुचित तरिकाले गरी खर्चको सार्वजनिकरण एवं अनुगमन हुनुपर्दछ र सो अनुदानको प्रभावकारीता मापन गर्ने सम्यन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनु पर्दछ साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरी पालिका बाट हुने अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश र स्थानीय तह) परे नपरेको यकिन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले वितरण गरेको अनुदानका केही नमुना परीक्षण गर्दा देहाय बमोजिमका कृषक समूह तथा व्यक्तिलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्देश्य अनुरुप अनुदानको सदुपयोग भएको छ छैन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन गरेको देखिदैन। कार्यालयले अनुदान दिएको रकमको प्रभावकारी रुपमा अनुगमन गरी प्रतिवेदन दिने व्यवस्था हुनुपर्दछ। यो वर्ष अनुदान दिएको विवरण यस प्रकार रहेका छनः

| गो भौ नं।मिति | कार्यक्रम | वितरण | रकम |
|---|---|---|---|
| २३५।२०७९।१२।७ | अपांगता भएका व्यक्तिहरुका लागि मागमा आधारीत आयआर्जनूलक कार्यक्रम | अपांगता संजाल माछापुच्छ्रे कास्कीलाई २५ जनालाई बोयर क्रस ब्याउने बाख्रा वितरण गरेको | ५००००० |
| ४०१।२०८०।२।२६ | प्लास्टिक टनेल खरिद | ५० प्रतिशत अनुदान | ९९९५७ |
| ४०२।२०८०।२।२६ | घुम्ती गोठहरुलाई आवश्यक सामाग्री खरिद | ७५ प्रतिशत अनुदानमा वडा नं २ का ६ जना किसानलाई वडा समितिको सिफारिसमा सोलार प्यानल लगायतका सामाग्री वितरण | ९५६३७ |
| ४१२।२०८०।२।२९ | एकिकृत कृषि परियोजना | वडा नं ७ का कृषकलाई हाते टयाक्टर वितरण ५० प्रतिशत अनुदान | २६२८७५ |
| ४१३।२०८०।२।२९ | एक घर एक करेसावारी कार्यक्रम | धिताल कृषि संजाल ५० प्रतिशत अनुदानमा | २५०००० |
| ४४५।२०८०।३।५ | ५० प्रतिशत अनुदानमा सहकारी मार्फत दुग्धजन्य परिकार उत्पादन तथा बजारीकरण | भिडावारी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड मेशिन खरिद | १००००० |
| ४६१।२०८०।३।१३ | ५० प्रतिशत अनुदानमा सहकारी मार्फत दुग्धजन्य परिकार उत्पादन एवं बजारीकरण | रिभान कृषि सहकारी संस्था लि Milk Analyzer मेशिन खरिद | १००००० |
| ३५९।२०८०।१।१७ | हाते टयाक्टर खरिद | वडा नं २ को ७ जना कृषकलाई ५० प्रतिशत अनुदानमा वितरण | १९३५०० |
| ५११।२०८०।३।२० | ५० प्रतिशत अनुदानमा सहकारी मार्फत दुग्धजन्य परिकार उत्पादन एवं बजारीकरण | Generator खरिद ५० प्रतिशत अनुदान | १००००० |

| | | | |
|---|---|---|---|
| ५२१।२०८०।३।२१ | एक घर एक परिवार करेसावरी निर्माण परियोजना | ६ वटा मिनि ट्रिलर वितरण ५० प्रतिशत अनुदान | ३८१६०२ |
| २।२०८०।१।३ | ५० प्रतिशत अनुदानमा टियोसेन्टी र सुडाँन घाँसको वीउ वितरण | पालिकाभरीका कृषकलाई | ४७६००० |
| ५६७।२०८०।३।२३ | दुग्ध परिकार तयारीका लागि मेशिन खरिद | हिमशिखर सहकारी संस्था लि | ३००००० |
| ५।२०८०।१।१७ | दुग्ध कृषकलाई दुध उत्पादनका आधारमा प्रति लि रु १ अनुदान कार्याक्रम (अनुदान सहयोग कार्यक्रम कार्यविधि, २०७७ वमोजिम) | प्रतिभा सामाजिक उद्यमी महिला सहकारी संस्था लि लगायत ७ वटा सहकारी संस्थालाई अनुदान | ११९०९३३ |
| ११।२०८०।२।१७ | आन्तरिक परजिवी विरुद्ध चौमासिक रुपमा औषधि वितरण १०० प्रतिशत अनुदान | कृषकलाई वितरण गरेको भरपाई पेश भएको। | ५७७६७० |
| १२।२०८०।३।१७ | लम्की स्किन रोग विरुद्ध खोप कार्यक्रम | पालिकाभरीका पशुलाई | ६६२५०० |
| २।२०८०।१।१० | ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकिकरण कार्यक्रम | ४५ जना कृषकलाई हाते ट्याक्टर वितरण | १२३७५०० |
| ३।२०८०।१।१९ | ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकिकरण कार्यक्रम | २ जना कृषकलाई हाते ट्याक्टर वितरण | ५५००० |
| ७।२०८०।३।२३ | ५० प्रतिशत साझेदारीमा गोठ र खोर सुधारमा अनुदान कति निवेदन परेको ८२ जना छनौटमा परेका छनौटको आधार जम्मा कार्यसम्पन्न भएका ५३ कृषकलाई फर्म दर्ता गरेकोलाई रु २०००० र फर्म दर्ता नभएकोलाई प्रति कृषक रु ७००० को दरले भुक्तानी | पालिकाका सवै वडाका ५३ वटा फर्म तथा कृषकलाई अनुदान दिएको वितरणमा एकरुपता छैन। | ७२२००० |
| जम्मा | | | ६८०५१७४ |

पालिकाले कृषि तथा पशुपालनमा संलग्न कृषकको उद्यमशिलतालाई प्रोत्साहन गर्न तथा उनीहरुको आयस्तर वृद्धि गर्नका लागि कृषि तथा पशु अनुदान उपलव्ध गराएको देखियो। पालिकाले अनुदान प्राप्त गर्ने लाभग्रागीको अभिलेख विवरण अद्यावधिक गरेको छैन। विवरण अद्यावधिक नगर्दा वास्तविक अनुदान पाउन योग्य किसानले नै पाएको छ भन्न सक्ने आधार देखिएन। पालिकाले कृषकहरुको विवरण अद्यावधिक गरी कृषि तथा पशुपालन अनुदान प्रकृयालाई अनुदान मैत्री बनाउनुपर्छ।

अनुदान कार्यक्रम विभिन्न वडा तथा पालिकाबाट संचालन गरेको भएता पनि कार्यक्रममा एकरुपता भएको देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड वडा स्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदानका कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकाबाट खरिद गरी उपभोक्ता तथा लाभग्राहीले खरिद गरेका विलका आधारमा अनुदान दिने गरेको छ। मापदण्डमा एक रुपता नहुँदा कार्यविधि तयार गरी प्रतिस्पर्धात्मक तवरले खरिद गरी अनुदान वितरण गर्नु पर्दछ।

७४ **कृषि तथा पशु अनुदान -** पालिकाले विभिन्न कृषि कार्यक्रममा बजेट विनियोजन गरी विभिन्न कृषक समुह तथा व्यक्तिलाई अनुदान वितरण गरेको छ। अनुदान रकमको वितरण सदुपयोग सही एवम् समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण तथा अनुगमन हुनुपर्दछ। अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नुपर्दछ। साथै अनुगमन प्रभावकारी बनाई (संघ प्रदेश तथा स्थानीय तह) दोहोरो परे नपरेको यकिन गरी लिखित प्रतिवेदन तयार गर्नपर्ने देखिन्छ। पालिकाले साना साना कार्यक्रम बनाई वितरण गरेको अनुदानका केहि नमुना परीक्षण गर्दा तपसिल बमोजिमका कृषक समुह उपभोक्ता समिति तथा व्यक्तिलाई वितरण गरेको अनुदान पश्चात कार्यक्रमको उद्येश्य अनुरुप अनुदानको सदुपयोग भएको हो होइन यकिन गर्न सक्ने गरी मूल्याङ्कन नभएकोले प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिँदैन। यो वर्ष पालिकाले दिएको अनुदानको विवरण देहाय अनुसार रहेको छ।

| **गो.भौ.नं / मिति** | **कार्यक्रमको नाम** | **व्यक्ति तथा संस्थाको नाम** | **अनुदान रकम** |
|---|---|---|---|
| २२०/२०८०।३।५ | नयाँ तरकारी पकेट वडा नं ९ टनेल निर्माण | आरोस अर्गानिक कृषि फर्म | ११७०००० |
| २६५/२०८०।३।२१ | कागति २००० खरिद तथा वितरण | विभिन्न व्यक्ति | ३३०००० |
| ४३/२०७९।८।१४ | गहुँको बिउ २८०० केजी | विभिन्न व्यक्ति | १०८००० |
| ४३/२०७९।८।१४ | फलफुलका विरुवा वितरण | विभिन्न व्यक्ति | ६४६७० |
| १५९/२०८०।१।११ | कृषि पकेट निरन्तरता | वडा नं ४ | ५४०००० |
| ४/२०७९।८।१३ | आलु प्रवर्द्धन कार्यक्रम ५६४३ केजी आलु | वडा नं ८ का १२५ जनालाई वितरण | ४४८८७५ |

| | | | |
|---|---|---|---|
| ७/२०७९।१२।२९ | तरकारी विउ खरिद तथा वितरण | विभिन्न वडामा | १००००० |
| ११/२०८०।२।२ | पलाष्टिक घर निर्माण १२ वटा | वडा नं १,३,४ र ५ मा | ५६९८६० |
| १३/२०८०।२।११ | टनेल निर्माण | वडा नं १,२ र ३ मा | ४७१७१८ |
| १६/२०८०।२।१४ | कम्बाइल मिल १० वटा | वडा नं १,२,५,६,७ र ८ | १९२५०० |
| १९/२०८०।२।२२ | पलाष्टिक टनेल | वडा नं १,२ र ८ | १४१०१५ |
| २१/२०८०।३।१९ | मौरीपालन २० घार तथा टनेल पलाष्टिक तथा स्प्रेयर वितरण | विभिन्न वडा | ३२०६४० |
| जम्मा | | | ४४५७२७८ |

पालिकाले कृषि तथा पशु सम्बन्धी जनतालाई उपलब्ध गराएको अनुदान रकमको सही सदुपयोग भए नभएको अनुगमन प्रतिवेदन तयार गरेको छैन। पालिकाले कृषि बाली तथा पशुपालनमा बीमा सम्बन्धी नीतिमा ध्यान दिएको देखिएन।कृषकले टनेल निर्माण कृषि सम्बन्धी उपकरण खरिद मल बिउ खरिद गरेको बिलको आधारमा अनुदान वितरण गर्ने गरेको छ। किसानले नै खरिद गरेको बिलको आधारमा भुक्तानी गर्नाले खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी भएको छ भन्न सक्ने अवस्था देखिदैंन। पालिकाले निश्चित मापदण्ड, निर्देशिका, कार्यविधि बनाएर खर्चको सुनिश्चितता कामको कार्य प्रगति हुने किसिमले अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।

७५ **प्राविधिक मूल्याङ्कन वेगर भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ।पालिकाले भौ नं ५६२।२०८०।३।२४ बाट प्राविधिक मूल्याङ्कन र नाँपजाँच वेगर नै कोल्ड स्टोरेज रुम निर्माण गर्न पचास प्रतिशत अनुदानमा सहकारी संस्था मार्फत दुग्ध जन्य परिकार उत्पादन एवं बजारीकरण कार्यक्रमबाट श्री घाचोक दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडलाई रु ९७५००० भुक्तानी गरेको देखियो।प्राविधिक मूल्याङ्कन वेगर भुक्तानी भएको देखिएकोले पालिकाले उक्त स्टोरेज रुम निर्माण भएको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,७५,००० |

७६ **विनियोजित बजेट भन्दा बढी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा कार्यपालिकाबाट स्वीकृत गराई असार १० भित्र सभामा पेश गर्नुपर्ने, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ । कार्यालयले आवश्यकता र खर्च गर्ने क्षमता आँकलन गरी बजेट विनियोजन हुनुपर्छ । खर्च गर्दा अन्य शीर्षकबाट रकमान्तर गरी खर्च गर्नुपर्छ । पालिकाले भौचर नं ३०।२०७९।९।२१ बाट राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता संचालन गर्दा विनियोजित वजेट १० लाख

भएकोमा पालिका चालु खर्च शीर्षकबाट रु १६०६४६ थप गरी जम्मा खर्च रु ११६०६४६ भएको देखियो। यसरी योजनामा बजेट विनियोजन भएको भन्दा बढी रकम खर्च भएको देखिएकाले बजेट भन्दा बढी खर्च रकम नियम सम्मत भएको नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,६०,६४६ |

७७ **कृषक अभिलेख -** नेपाल सरकार तथा प्रदेश सरकार सम्वन्धी एकिकृत कार्यविधि २०७७ को बुँदा नं (१२)२ मा प्रदेश सरकारबाट संचालन हुने कार्यक्रम संचालन गर्दा अन्य कार्यालयसंग समन्वय गर्नुपर्ने तथा १२(३) मा एकै प्रकृतिको कार्यको लागि एक भन्दा वढी कार्यालयबाट अनुदान दिन नपाईने व्यवस्था गरेको छ। यो वर्ष संघीय सरकार र प्रदेश सरकारले संचालन गरेका कार्यक्रम तथा पालिकाले संचालन गरेका आयोजना कार्यक्रम तथा पालिकाले संचालन गरेका आयोजना कार्यक्रम, क्रियाकलापहरु अन्तर्गत गत विगत तथा यस वर्षमा कुन कुन कृषकहरुलाई पुरै वा आंशिक शशर्त निशर्त वस्तुगत नगद अनुदान तथा प्राविधिक सेवा परामर्श सिप विकास तालिम दिएको थियो सो को व्यवस्थित अभिलेख राखी कृषकगत प्रोफाईल लगत राखेको देखिएन। कृषकगत लगत नराख्दा एकै प्रकृतिका कार्यक्रम एवं कृयाकलापहरुमा उही व्यक्ति संस्था तथा समुदाय दोहोरिन सक्ने र अनुदान प्रदान गर्नु पर्ने कृषकहरुसम्म उक्त कार्यक्रमको पहुँचको अवसरबाट वञ्चित हुनुपर्ने देखिन्छ। तसर्थ कृषकगत प्रोफाईल लगत अभिलेख तयार गरी राख्नुपर्ने देखिन्छ।

७८ **औषधि खरिद -** इ-विडिङको माध्यमबाट लागत अनुमान रु २८७५००० तयार गरी चिराग फार्मेसीले रु १४०१००१ (५१.२६%) कममा ठेक्का सम्झौता गरी भुक्तानी भएको छ। सो सम्बन्धमा निम्न व्यहोरा देखिएका छनः

• आपुर्ति हुने औषधि सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा औषधि बिक्रीको लागि होईन खुलाएको प्रमाण समावेश छैन। आपूर्ति भएका औषधि तथा सर्जिकल सामान स्टोर दाखिला हुनु अगाडि स्पेशिफिकेशन अनुसार भए वा नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

• औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई गएको खुल्ने गरी आम्दानी बाँध्ने नगरेको।

• औषधिको खर्च घटाउँदा माग फारमको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको

• गत वर्षको औषधि मौज्दात र यो वर्ष खरिद गरेको समेत अभिलेख देखिने गरी राख्नुपर्नेमा सो को व्यवस्थित अभिलेख नगराएको।

७९ **जिन्सी दाखिलाः**

*........... (प्रारम्भिक प्रतिवेदन उपर जिन्सी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु. २,५८४,३२५ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८० **न्यानो झोला -** २८७/२०८०।३।२३ संघीय सरकारबाट अख्तियारी साथ प्राप्त कार्यक्रम तथा खर्चको विवरण अद्यावधिक हुने गरी तोकिएको शर्तको पालना गर्नुपर्ने व्यवस्था छ। पालिकाले ६० सेट न्यानो झोला खरिद गरी राम लक्ष्मण फार्मेसीलाई रु ५३५६२ भुक्तानी गरेको देखियो। उक्त न्यानो झोला वितरण गरेको भरपाई पेश लेखापरीक्षण समयमा पेश भएन। उक्त न्यानो झोला वितरण गरेको विवरण पेश हुनुपर्दछ।

८१ **आलुमा अनुदान -** आलुको विउ विजन वितरणमा ५० प्रतिशत कृषक तथा ५० प्रतिशत पालिकाबाट अनुदान व्यहोर्ने व्यवस्था छ।पालिकाले वडा नं १ लुम्रेमा १२५ जनालाई ५६४३ के जी आलुको रु ४०८८७५ र ढुवानी रु ४०००० समेत रु ४४८८७५ को ५० प्रतिशतले रु २२४३३७ कृषक र रु २२४३३७ गाँउपालिकाले भुक्तानी गर्नुपर्नेमा कृषकको अनुदान नरही पालिकाबाट मात्र खर्च गरेकोले वढी खर्च गरेको रु २२४३३७ कृषकबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२४,३३७ |

८२ **दिवाखाजा**

*........... (प्रारम्भिक प्रतिवेदन उपर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु. ८०,१७७ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८३ **राजस्व ढिला दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट र बैंक र कार्यालयवीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सोहि वमोजिम गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए दाखिला गर्न वाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना समेत गरी दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिला गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। पालिकाको नमुना छनौट गरी परीक्षण गर्दा वडा न. ४ र ८ बाट संकलन गरेको राजश्व

रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन ।संकलन भएको राजश्व समयमै दाखिला गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ। केही उदाहरण निम्न छनः

| संकलन गर्ने | राजस्व दाखिला | दाखिला मिति |
|---|---|---|
| वडा न. ४ | ७०७२१.८३ | २०७९।५।२ |
| | ११७०५६.३ | २०७९।६।४ |
| | ७२७६० | २०७९।७।३ |
| | १०००५८ | २०८०।१।७ |
| वडा न. ८ | ९६११५ | २०७९।५।६ |
| | १०४९९३.२८ | २०७९।६।६ |
| | ३४७९९ | २०७९।७।४ |
| | ८५७८५ | २०८०।१।५ |

८४ **आय ठेक्का -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा वापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुङ्गा गिट्टी बालुवा उत्खनन क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानीय तहले दोश्रो पक्षसँग ढुङ्गा, गिट्टी, बालुवा उत्खनन ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा सम्झौता गरी सोही बमोजिम राजश्व संकलन गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले वडहरेनाक साना खोरघाटको राजश्व संकलन गर्न सकिने भएकोमा ठेक्का आह्वान गरेको देखिएन। ठेक्का आह्वान नगर्दा पालिकाले पाउनुपर्ने राजश्व गुमेको देखिन्छ। पालिकाले समयमै ठेक्का आह्वान गरी पालिकाको आयस्तर वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| **सेती नदिको घाटको नाम** | **कुल आयतन घ.मि.** | **दीगो संकलन ५०%** | **दीगो संकलन कुल आयतनको ५०% घ.फिट** | **दैनिक उत्खनन परिमाण** | **अनुमानित राजश्व रु** | अनुमानित राजस्व |
|---|---|---|---|---|---|---|
| वडहरेनाक साना खार घाट | १९४६४ | ९७३२ | ३४३६८३ | ३६.०४ | १२७३ | २४०५७७९ |

दोभिल्ला नयाँपुल घाट २८१३७.६ घन मिटरको ५० प्रतिशतले १४०६८.८ घ.मि. को रु ३४७७८४८।६१ मा मूल्य अभिवृद्धि कर १३% र १.५ प्रतिशत अग्रिम कर समेत गरी रु ३९८२१३६।१४ लागत अनुमान तयार गरीएकोमा १ मात्र बोलपत्रदाता अंशु एण्ड आदिती कन्स्ट्रक्सन पोखरासँग रु ५९९९९९८।०९ मा सम्झौता गरी २ पटक रु ३०।३० लाखको दरले राजश्व संकलन गर्ने उल्लेख भएकोमा प्रथम पटक रु ३०००००० र दोश्रो पटक रु १५००००० गरी रु ४५००००० राजश्व संकलन गरेको देखियो। बुझाउन बाँकि रहेको राजश्व रु १४९९९९८।०९ नबुझाएको कारणबाट ठेकेदारको बैंक जमानत वापत जम्मा भएको रु १८०००००। जफत गरी राजश्वमा जम्मा भएको देखिन्छ।

८५ **नवीजन्य पदार्थ तथा प्राकृतीक स्रोत -** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तीय अधिकार क्षेत्रको वारेमा उल्लेख गरेको छ। गण्डकी प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रको ढुंगा, गिट्टी, वालुवा उख्खनन कार्यको लागि ठेक्का बन्दोवस्त गर्दा प्रारम्भिक वातावरणीय मूल्यांकन (IEE) प्रतिवेदनले निर्धारण गरेको परिमाण बमोजिम मू .अ कर बाहेक प्रति क्यूफिट दर रु ७ कायम गरी न्यूनतम मूल्यांकन कायम गरी ठेक्का प्रकृया अगाडी बढाई राजश्व संकलन गर्ने तथा सोको अनुगमन मूल्याङ्कन लगायतका सम्पूर्ण अधिकार सम्बन्धित स्थानीय तहको हुने कुरा उल्लेख गरेको छ। गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट संकलन गर्न सकिने स्लैट, डुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक बातावरणीय परीक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट संचालन गर्ने योजनाहरूमा पालिका क्षेत्रभित्रका ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको निशुल्क प्रयोग भई रहेको छ तापनि पालिकाले ती सामग्रीको जिल्ला दरको आधारमा भुक्तानी दिएको छ। निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पालिकाको स्रोत निशुल्क प्रयोग गरी पालिका तथा अन्य योजना व्यवस्थापनबाट रकम भुक्तानी लिने गरे तापनि पालिकालाई सामग्रीको रोयल्टी तथा शुल्क बुझाएको देखिदैन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी बढाउने तथा उपलब्ध सामग्रीको अव्यवस्थित उत्खनन संकलन तथा उपयोग स्थितिलाई व्यवस्थित बनाउने तर्फ ध्यान दिनु पर्ने देखियो।

८६ **पत्रपत्रिका तथा सुचना प्रकाशन खर्च -** कार्यालयले खर्च गर्दा मितव्ययी तरिकाले खर्च गर्नुपर्दछ । पालिकाले कार्यालयका विभिन्न सुचनाहरु जस्तैः वोलपत्र आह्वान, आसयको सुचना,जस्ता विविध सुचना पत्रपत्रिकामा प्रकाशन खर्च लेख्ने गरेको देखिन्छ। यसरी खर्च गर्दा सूचना आदेश दिने तथा बिभिन्न मेडिया कम्पनीबाट दररेट माग गरि सकेसम्म सस्तो मुल्यमा प्रतिष्पर्धाको आधारमा सानो आकारको सूचना दिँदा खर्चमा मितव्ययिता कायम गर्न सकिन्छ। सार्वजनिक निकायले खर्च गर्दा मितव्ययी तरिकाले खर्च गर्नुपर्नेमा सुचना प्रकाशनमा पटक पटक गरी ठूलो मात्रामा खर्च भएको देखिन्छ।साथै सूचना आदेश दिने पदाधिकारीले कार्यालयमा सूचना आदेशको अभिलेख राखी पत्रपत्रिका तथा सुचना प्रकाशन खर्चमा मितव्ययितता कायम गर्नुपर्ने साथै सूचना आदेश दिने पदाधिकारी तथा कर्मचारीलाई जवाफदेही बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

८७ **पदाधिकारी सुबिधा -** गण्डकी प्रदेश सरकारद्वारा मिति २०७७ साल असार २६ गते प्रकाशित प्रदेश राजपत्र मा ब्यबस्था बमोजिम गाउँसभा, नगरसभा र जिल्ला समितिका सदस्यले पाउने सुबिधा सम्बन्धमा ब्यबस्था गर्न बनेको ऐनले पदाधिकारीहरुको बिभिन्न शीर्षकमा ( १.सवारी ईन्धन, २.मोबिल, ३. यातायात सुबिधा, ४. पत्रपत्रिका, ईन्टरनेट सुबिधा, ५. टेलिफोन तथा मोबाईल रिचार्ज सुबिधा, ६. अतिथि सत्कार सुबिधा , ७. अनुगमन सुबिधा ८. समन्वय तथा सहजिकरण सुबिधा ९. चाडपर्व सुबिधा १०. बैठक सुबिधा )लगायतका सुबिधा ऐन मै ब्यबस्था भएको र मासिक रुपमा कार्यालयबाट भुक्तानी हुने गरेको छ । यसरी सोहि ऐनको दफा १६ मा कुनै पनि सदस्यले यस ऐनले निर्धारण गरेको सुबिधा बाहेक अन्य सुबिधा पाउने छैनन भनि उल्लेख गरेकोमा पालिकाले अन्य सेवा सुबिधा भुक्तानी गर्दा दोहोरो नपर्ने गरि भुक्तानी गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८८ **अनुगमन तथा भ्रमण खर्च -** भ्रमण खर्च नियमावली २०६४, को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसुची ६ बमोजिमको ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय बनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने व्यवस्था उल्लेख छ ।कार्यालयले यस विषयगत शिर्षकमा पालिकाभित्र बिभिन्न कार्यक्रम तथा अनुगमन भनि भ्रमण खर्च लेख्ने गरेको छ तर भ्रमण खर्च नियमावली को नियम १९ बिपरित कार्यलयले दुरिको विवरण नराखि आफ्नै कार्यक्षेत्रमा पनि भ्रमण भत्ता प्रदान गर्ने गरको छ साथै भ्रमणको उदेश्य अनुगमन तथा भ्रमण प्रतिवेदन कर्मकाण्डी जस्तो देखिने गरि समाबेश गर्ने, उल्लेखनीय ढाँचामा समावेश पनि नहुने तथा कागजात पुरा नगर्ने प्रवृत्ति रहेको छ। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन ।कार्यालयका पोखरा महानगरपालिकामा आफ्नो वा परिवारको नाममा स्थायी घरबास भएका कर्मचारीहरुले भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ८ बिपरित हुनेगरी पोखरा काजमा खटिदा भ्रमण खर्च लिने गरेको, यसरी गरिने भुक्तानी नियन्त्रण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

८९ **मृत्यु पश्चात भत्ता भुक्तानी -** सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको मृत्यु भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सुचीबाट हटाई मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नु पर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक भत्ता वितरण गर्दा देहायको व्यक्तिको मृत्यु पश्चात पनि भत्ता निकासा गरेकोले उक्त सामाजिक सुरक्षा भत्ता असुल गरी संघीय संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| स.न. | वडा न. | लाभग्राहीको प्रकार | लाभग्राहीको नाम | नागरीकता न. | मृत्यु मिति | बढी बुझेको त्रैमासिक | बढी बुझेको रकम |
|---|---|---|---|---|---|---|---|
| १ | ७ | जेष्ठ नागरीक | चुडामणी भण्डारी | १६४५०१ | २०७९।५।२६ | प्रथम | ४५३३ |
| २ | ७ | जेष्ठ नागरीक | पार्वती भण्डारी | ३३२ | २०७९।६।१९ | प्रथम र दोश्रो | १३४६६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ७ | जेष्ठ नागरीक | चन्द्रकली भण्डारी | ५०५ | २०८०।२।९ | चौथो | ६८०० |
| ४ | ८ | जेष्ठ नागरीक | देवीलाला भण्डारी जैसी | ६० | २०७९।५।१० | प्रथम | ६६६७ |
| ५ | ८ | जेष्ठ नागरीक | नन सिरि गुरुङ | १३ | २०७९।९।१९ | दोश्रो | १४६६ |
| ६ | ८ | जेष्ठ नागरीक | लिला देवी वराल जैसी | ५२ | २०७९।११।३ | तेश्रो | ७६०० |
| ७ | ९ | जेष्ठ नागरीक | पदम बहादुर गुरुङ | २६६ | २०७९।६।१६ | प्रथम | १८६७ |
| ८ | ९ | जेष्ठ नागरीक | धनकौरी गुरुङ | १००१ | २०७९।१२।१२ | चौथो | १०६७ |
| जम्मा | | | | | | | ४३४६६ |

*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट शेर वहादुर गुरुङ को ४,९३३ गुमान सिं वि क को १२,००० चन्द्र सिं गुरुङ को २२,५३३ सन्तविर सार्की को ८,२६६ हिमलाल पौडेल को ५,९६७ र नरहरी अधिकारी को २४,६६७ रु. ७८३६६।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,४६६ |

९० **विल भरपाई -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नम्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।सोही नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन विल भरपाई र खर्च प्रमाणित गर्नुपर्ने अन्य कागजात सम्वन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ।सार्वजनिक निकायले नियम १२३ वमोजिम भुक्तानी दिंदा वास्तविक खर्च मूल्याङ्कन गरी विद्यालय व्यवस्थापन समितिलाई भुक्तानी गरेको तर पुष्टि हुने विल विजक परीक्षण गर्दा मूल्याङ्कन गरे अनुसारको विल भरपाई नभएकोले विद्यालय व्यवस्थापन समितिले गरेको काम विस्वस्त हुने आधार नदेखिएकोले अनियमित देखिएको रु

| विद्यालयको नाम | सामानको नाम | मूल्याङ्कन भएको | विल प्राप्त | नपुग | दर | रकम |
|---|---|---|---|---|---|---|
| गौरी शंकर मनिलाल मा वि | सिमेण्ट | ६४२ वोरा | ६१० वोरा | ३२ वोरा | ७८८ | २५२१६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | इट्टा | २५१०० वटा | २४००० | ११०० | १९ | २०९०० |
| वम वहादुर धमेल आधारभुत विद्यालय | डण्डी | ६७१४ के जी | ६०० | ७१४ | १०४ | ७४२५६ |
| | सिमेण्ट | ५५१ | ४७५ | ७६ | ७८८ | ५९८८८ |
| मेघराज आधारभूत विद्यालय | इट्टा | २५५६४ | २४४०० | ११६४ | १९ | २२११६ |
| जम्मा | | | | | | २०२३७६ |

| | |
|---|---|
| अनियमित भएको | २,०२,३७६ |

९१ **प्रदेश समपुरक अनुदान -** प्रदेश समपुरक अनुदानः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार संघीय संचित कोषबाट स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्य् सम्वन्धित आर्थिक बर्षभित्र प्राप्त भएको समपुरक अनुदान रकम कार्यविधि अनुसार ५०/५० प्रतिशतले खर्च गर्नुपर्नेमा शसर्तको रकमा वढी खर्च भएको र गाँउपालिकाबाट कम प्रतिशत खर्च गरेकोले दुवै गाँउपालिका र प्रदेश शसर्तबाट खर्च गर्नुपर्नेमा भुम्रे कुङवाङ सिविङ कालीमाटी घलेल हुदै डुम्रे सडक योजनामा जम्मा खर्च रु ५५७२७४६ को ५० प्रतिशत का दरले रु २७८६३७३ खर्च गर्नुपर्नेमा रु ३४४०००० प्रदेश शसर्त अनुदानबाट बढी भुक्तानी भएकोले वरावर खर्च नगरी गाँउपालिकाको कम खर्च गरेकोले पालिकाले प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,५३,६२७ |

९२ **फर्म वर्कमा वढी दर -** दर विश्लेषण अनुसार फर्म वर्कको काममा कोलम विम र स्ल्यावको अलग अलग दर कायम गरेकोमा सवै कामको ढलानमा फर्म वर्कमा एउटै दर राखी भुक्तानी गरेको देखियो। यसरी विम, कोलम र स्ल्यावमा लाग्ने दरको रकम नराखी एउटै दरमा राखी भुक्तानी गरेको देखिएकोले वढी भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने रु

| विद्यालयको नाम | फर्म वर्क | परिमाण घन मीटर | दर | रकम |
|---|---|---|---|---|
| माछापुच्छ्रे माद्यामिक विद्यालय | विम | २२९.६९ | १२८८.३७ | २९५९२५ |
| | स्ल्याव | ५३० | ७६०.९० | ४०३२२७ |

| | | | | |
|---|---|---|---|---|
| | भुक्तानी गर्नुपर्ने | | | ६९९२०२ |
| | भुक्तानी भएको | ७५९.६८ | ९८०.९० | ७४५१७० |
| | वढी भुक्तानी | | | ४५९६८ |
| | | | असुल गर्नुपर्ने | ४५,९६८ |

९३ **आन्तरिक लेखापरीक्षणतर्फ -** आन्तरिक लेखापरीक्षणको क्रममा चालुतर्फ रु ९८७९५, पुँजीगततर्फ रु १०१४५ र स्थानीय बिभाज्य कोष खाता तर्फ ठेक्का नं MRM/NCB/GD/079-80/05 दोबिल्ला नयाँपुल घाट १, दोबिल्ला नयाँपुल घाट २, दोबिल्ला नयाँपुल घाट ३, दोबिल्ला नयाँपुल घाट ४ को) मा गरी रु. १८,००,००० असुली भई बाँकी रहेको वेरुजुको व्यहोरा देहायअनुसार छनः

| क्र.स | भौ नं/मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|
| १ | १५०/२०७९।१०।१३ | करार कर्मचारी पदपुर्ति समितिको बैठक भत्तामा एक दिनमा दुईवटा भन्दा बढी भुक्तानी भएको | अतिश गुरुङ | रु. ३०६० |
| | | | दिपक रेग्मी | रु. ७१४० |
| | | | शिब रेग्मी | रु १०२० |
| | | | रोशन अधिकारी | रु. १०२० |
| | | | निशा कंडेल | रु. १०२० |
| २ | २६६/२०७९।१२।२६ | करार कर्मचारी पदपुर्ति समितिको बैठक भत्तामा एक दिनमा दुईवटा भन्दा बढी भुक्तानी भएको | दिपक रेग्मी | रु. ४०८० |
| | | | डा प्रकाश अधिकारी | रु. १०२० |
| | | | सुरेश अधिकारी | रु. १०२० |
| ३ | ४१८/२०८०।०२।३० | करार कर्मचारी पदपुर्ति समितिको बैठक भत्तामा एक दिनमा दुईवटा भन्दा बढी भुक्तानी भएको | डा आकाशमणी भण्डारी | रु १०२० |
| | | | असुल गर्नुपर्ने | २०,४०० |

९४ **ईन्धन र संचार खर्च -** कार्यालयले कार्यालयमा कार्यरत कर्मचारिहरुको लागि मासिक वा विभिन्न समयमा ईन्धन खर्च तथा संचार खर्च उपलब्ध गराएतापनि सभाबाट यससम्बन्धी प्रष्ट कार्यविधि बनाएर मात्र खर्च लेख्नुपर्नेमा कार्यालयमा ईन्धन तथा संचार खर्चमा कुनै मापदण्ड नदेखिएकोले त्यस्तो रकम अनियमित

देखिएको। साथै कार्यालयमा ईन्धन प्रयोग हुने सवारी साधनको प्रयोगको प्रयोजन तथा सवार गरेको दुरी समेतको व्यहोरा खुल्ने गरी लगसिट तयार गरि प्रमाणित गरी सोहि बमोजिम ईन्धन प्रयोग गर्नुपर्नेमा यसो नगरेको पाईयो। खर्चको मापदण्ड तथा कार्यबिधी बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । साथै गाउँपालिकामा रहेका पदाधिकारीको हकमा सवारी साधनको ईन्धन खर्च बापत रकम प्रदेश सरकार द्वारा प्रकाशित गाउँसभा, नगरसभा, जिल्ला समन्वय समितिका पदाधिकारीले पाउने सुबिधा सम्बन्धी ऐन को दफा ३,४,५,६,७,८,९,१० पदाधिकारीले पाउने ईन्धन खर्च सम्बन्धी ब्यबस्था छ । ईन्धन खर्च बापतको रकम भुक्तानी सम्बन्धी कागजात अध्ययन गर्दा ऐनको पालना भएको देखिदैन। साथै कार्यालयका कर्मचारी, पदाधिकारीले पाउने ईन्धन सुबिधा सम्बन्धी मापदण्ड बनाएर लागु गर्ने सक्ने ब्यबस्था स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको भएतापनि कार्यालयले मापदण्ड बिनानै इन्धन खर्च लेख्ने गरेको छ ।मापदण्ड तयार गरी खर्च लेख्ने तथा खर्च नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९५ **सामाजिक सुरक्षा**

*✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर संचित कोषमा दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।०८ को निर्णयबाट रु.१,०७,१०४ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : माछापुच्छ्रे गाउँपालिका, कास्की

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बेदहरी अधिकारी | २०७९-५-२० | २०८०-६-१ |
| कार्यालय प्रमुख | गोपी कृष्ण अर्याल | २०८०-६-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | विष्णु प्रसाद पोखरेल | २०७८-११-३ | २०७९-५-२० |
| लेखा प्रमुख | सीता शर्मा पौडेल | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,७७७,१२७ | १५,३३८,३२३ | ४,३७६,५४० | ० | ० | ८०३,६३३ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २२,२९५,६२३ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २,९१२,६४४ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १९,३८२,९७९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १४२१२१००६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३८०१३६३९८ | **चालु खर्च** | ३८०२१५५५९ |
| **प्रदेश सरकारबाट अनुदान** | १९५७०५४३ | **पूँजीगत खर्च** | १९५३४४९९३ |
| **राजश्व बाँडफाँट** | १००४४९१४३ | **वित्तीय/अन्य व्यवस्था** | १७९३५५६६० |
| **आन्तरिक आय** | ३२९००८०९ | | |
| **अन्य आय** | १९०२७८०२५ | | |
| **कुल आय** | ७२३३३४९१८ | **कुल खर्च** | ७५४९१६२१२ |
| **बाँकी मौज्दात** | | ११०५३९७१२ | |